प्रथम पाँच–महिने
प्राथमिक शिक्षक सेवाकालीन तालीम पाठ्यक्रम
२०५१

# शिक्षा–आधार

शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र

लेखक : श्रीमती प्रमिला राजभण्डारी
एशियाली विकास बैंकको प्राविधिक सहयोग १६२३
स्याग्रिक इन्टरनेशनलको सहयोगमा निर्मित

परिमार्जनकर्ता : श्री वासुदेव काफ्ले
एशियाली विकास बैंक प्राविधिक सहयोग १८३८
केम्ब्रिज एजुकेशन कन्सल्टेण्ट्सको सहयोगमा निर्मित

N 137

# विषय–सूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| १. | शिक्षा परिचय र प्राथमिक शिक्षा पाठ्यक्रम | 1 |
| २. | प्राथमिक विद्यालय जाने बालबालीकाहरुको विकासात्मक विशेषताहरु | 5 |
| ३. | शिक्षणको लागि योजना तर्जुमा गर्ने | 7 |
| ४. | शिक्षण–सिकाइ सामग्रीको छनौट, तयारी, प्रयोग र हेरबिचार | 9 |
| ५ | शिक्षण–सिकाइ प्रक्रिया | 12 |
| ६. | नेपालमा प्राथमिक शिक्षा तथा विद्यालयहरुको स्थिति र समस्याहरु | 15 |
| ७. | पाठ्यांश विवरण | 19 |
| ८. | सन्दर्भ–सामग्री | 23 |
| ९ | प्रशिक्षकको लागि थप सामग्री | 25 |

## पाठ्यांशको संगठनात्मक स्वरुप

दश-महिने सेवाकालीन प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रमका सबै पाठ्यसामग्रीहरु समान रुपमा संगठित गरिएका छन् । यी सबै सामग्रीहरु मूलत : दुई स्तम्भमा बाँडिएका छन् । पहिलो स्तम्भमा पाठ्यांशको आधारभूत अंग र दोस्रो स्तम्भमा पाठ्यांशको अतिरिक्त अंग रहेका छन् । पहिलो स्तम्भअन्तर्गत पाठ्यांशका प्रत्येक एकाइलाई पाँच खण्डमा विभाजन गरिएको छ भने दोस्रो स्तम्भमा प्रशिक्षक र प्रशिक्षार्थी -प्रशिक्षकको लागि पाठ्यांश अतिरिक्त अंगहरु समावेश गरिएका छन्। यी सबै सामग्रीहरु समान ढाँचामा यस प्रकार तयार पारिएका छन् :

## पाठ्यांशको आधारभूत अंग

१. उद्देश्य :

यस खण्डमा शिक्षणका मूलभूत लक्ष्यलाई अंकित गरिएको हुन्छ । यसबाट प्रशिक्षणका सहभागीहरुको कार्यकलाप र सफलताको मापन कुन हदसम्म वाञ्छित छ भन्ने कुरा सुनिश्चित हुन्छ । यस खण्डले यो पाठ्यांश-शिक्षणको प्रयोजन वा उद्देश्य के हो र यो पाठ्यांशको प्रशिक्षण सफल भएमा यसले के उपलब्धि प्रदान गर्छ भन्ने प्रश्नको उत्तर प्रदान गर्दछ ।

२. विषयवस्तु :

यस खण्डमा शिक्षण प्रशिक्षणका लागि निर्धारित विषयवस्तु तथा सामग्रीको विस्तृत वर्णन गरिएको हुन्छ । यस खण्डले यस पाठ्यांशबाट के कस्ता ज्ञान, शीप तथा अभिवृत्तिहरु सहभागीहरुमा अपेक्षा गरिएको छ भन्ने प्रश्नको उत्तर प्रदान गर्छ ।

३. शैक्षिक सामग्री :

यो शैक्षिक सामग्री खण्डमा प्रशिक्षणको अवधिभर प्रशिक्षणका सहभागी र प्रशिक्षकहरुले प्रयोगमा ल्याउने सम्पूर्ण शैक्षिक सामग्रीको बारेमा विस्तृत विवरण दिइएको हुन्छ । यस खण्डले के के सामग्री प्रयोग गरेर प्रस्तुत पाठ्यांश सिकाइन्छ भन्ने प्रश्नको उत्तर प्रदान गर्दछ ।

४. शिक्षण विधि / कार्यकलाप :

यस खण्डमा शिक्षणको क्रममा अपनाइने शिक्षण पद्धति_प्रक्रिया, विधि तथा क्रियाकलापको बारेमा विस्तृत वर्णन अपेक्षा गरिएको हुन्छ । यसरी यो खण्ड प्रस्तुत पाठ्यांश कसरी सिकाइन्छ भन्ने प्रश्नको उत्तरमा केन्द्रित हुन्छ ।

५. मूल्यांकन :

प्रशिक्षणका सहभागीहरुले खण्ड एकमा अंकित उद्देश्यहरु के कति हासिल गरे भनी मूल्यांकन गर्न प्रयोग गरिने विधि, प्रविधि, कार्यकलाप तथा प्रश्नहरुको विवरण यस खण्डमा दिइन्छ । मूलत : यो खण्ड प्रशिक्षणका सहभागीहरुले के कति उपलब्धि हासिल गरे भन्ने प्रश्नको उत्तरसँग संबन्धित हुन्छ ।

## पाठ्यांशको अतिरिक्त अंग

६. कार्यक्रम_विवरण :

यस खण्डले पाठ्यांशको आधारभूत संगठन संबन्धी पक्षहरु जस्तै : पाठ्यांशको नाम, सामान्य परिचय, सामान्य उद्देश्य, पूर्णाङ्क, पाठ्यघण्टा, पिरियड,एकाइको नाम एकाइ संख्या, प्रत्येक एकाइको निम्ति निर्धारित पाठ्यघण्टा आदिको विवरण प्रस्तुत गर्दछ । यसरी यस खण्डमा पाठ्यांश कसरी संगठित गरिएको छ र प्रशिक्षकले यसलाई कसरी सिकाउदै जाने भन्ने विषयमा आवश्यक जानकारी दिइएको हुन्छ ।

७. सन्दर्भ_सामग्री :

यो खण्ड पूर्णतया सन्दर्भ सामग्री सूचीको विवरणमा आधारित्त हुन्छ । यसमा ती सामग्रीहरु पाठ्यांशको कुन ठाउसंग संबन्धित्त छन्, तिनलाई कहाँ कसरी उपयोग गर्न सकिन्छ र ती कुन ठाउँमा उपलब्ध हुन्छन् भन्ने बारेमा पनि प्रशिक्षकलाई विवरण दिइएको हुन्छ । यसबाहेक यस खण्डले के कसरी प्रशिक्षण दिने भन्ने सन्दर्भमा चाहिने थप सूचना र अतिरिक्त महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ ।

८. प्रशिक्षक र प्रशिक्षार्थी_प्रशिक्षकको लागि पूरक सामग्री :

यो खण्ड उपर्युक्त सातओटै खण्डको उद्देश्य परिपूर्तिका लागि आवश्यक हुने पूरक सामग्रीसँग संबद्ध छ । यस्ता पूरक सामग्रीहरुमा पठनीय उद्धरण, प्रयोगार्ह वैकल्पिक विधि वा कार्यकलाप, प्रशिक्षक वा प्रशिक्षार्थी_प्रशिक्षकका लागि निर्देशन आदि विशेष थप सामग्रीहरु पर्दछन् । यसरी यस खण्डबाट महत्त्वपूर्ण पूरक सामग्री उपलब्ध गराइन्छ, जसको उपयोगबाट अफबढी कुशलत्तापूर्वक प्रशिक्षण गर्न सहयोग मिल्छ ।

# शिक्षा–आधार–प्रथम भाग

समय : ४५ घण्टा | जम्मा घण्टी : ६० | पूर्णाङ्क : ३५

## एकाइ एक : शिक्षा परिचय र प्राथमिक शिक्षा पाठ्यक्रम

समय : ५ घण्टा

### एकाइ परिचय :

यस एकाइले सहभागीहरुलाई शिक्षाको अर्थ, त्यसका कार्यहरु र रुपहरुका सम्बन्धमा धारणात्मक ज्ञान दिनुका साथै अर्न्तदृष्टिको मौका प्रदान गर्नेछ । यसका साथै नेपालको प्राथमिक शिक्षा पाठ्यक्रमका बारेमा पर्याप्त मात्रामा प्रकाश पार्नु यस एकाइको मूल लक्ष्य रहेको छ ।

### १. उद्देश्यहरु :

यो एकाइ पूरा भएपछि सहभागीहरु निम्न कुरामा सक्षम हुनेछन् :

१.१ शिक्षाको सामान्य धारणा वर्णन गर्न ।
१.२ शिक्षाका साँस्कृतिक, आर्थिक, नागरिक र सम्पूर्ण क्षेत्रलाई समावेश गर्ने समग्र (global) कार्यहरुको वर्णन गर्न ।
१.३ स्वभाव र अभिप्रायहरुको आधारमा शिक्षाका तीन रुपहरु (औपचारिक, अनौपचारिक र अनियमित) को भिन्नता छुट्याउन ।
१.४ पाठ्यक्रमको धारणा र यसको महत्त्व वर्णन गर्न ।
१.५ नेपालको प्राथमिक शिक्षा पाठ्यक्रम वि.सं. २०४९ मा उल्लेख भए अनुसार प्राथमिक शिक्षाका उद्देश्यहरु, प्राथमिक तहको सिकाइ उपलब्धिहरु, कक्षागत तथा विषयगत सिकाइ उपलब्धिहरु र मूल्यांकन कार्यनीतिहरु उल्लेख गर्न ।
१.६ पाठ्यक्रमका अभिप्रायहरु । सिकाइ उपलब्धिहरुको पाठ्यपुस्तकहरुसितको सान्दर्भिकता देखाउन र विश्लेषण गर्न ।
१.७ विशिष्ट कक्षा र विषयको आशा गरिएका सिकाइ उपलब्धिहरु अनुरुप शैक्षणिक गतिविधिहरु विकास गर्न र कार्यान्वयन गर्न ।

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विशिष्ट विषयवस्तु समावेश हुनेछन् :

२.१ शिक्षाको अर्थ र धारणा :

२.११. शिक्षाका कार्यहरु :

२.११.१ साँस्कृतिक कार्यहरु

२.११.२ आर्थिक कार्यहरु

२.११.३ नागरिक कार्यहरु

२.११.४ सम्पूर्ण क्षेत्र समाविष्ट कार्यहरु

२.१२ शिक्षाका रुपहरु :

२.१२.१ औपचारिक शिक्षा

२.१२.२ अनौपचारिक शिक्षा

२.१२.३ अनियमित शिक्षा

२.२ पाठ्यक्रमको अर्थ र धारणा :

२.२.१ नेपालको प्राथमिक शिक्षा पाठ्यक्रमको परिदर्शन :

२.२.१.१ नेपालको प्राथमिक शिक्षाका उद्देश्यहरु

२.२.१.२ नेपालको प्राथमिक शिक्षा पाठ्यक्रम वि. सं.२०४९ को ढाँचा र तत्वहरु

२.२.१.३ तहगत र कक्षागत सिकाइ उपलब्धिहरु

२.२.१.४ क्षेत्र र क्रम

२.२.१.५ सिकाइ उपलब्धिहरुको विषयगत र कक्षागत विशेषीकरण

२.२.२ प्राथमिक विद्यालय पाठ्यपुस्तकहरु

३. पाठ्य सामग्रीहरु :

यो एकाइ अध्यापन गर्न निम्न पाठ्य सामग्रीहरु उपलब्ध हुनु पर्दछ :

३.१ गौतम, प्र. च. (२)४२), परिचयात्मक शिक्षा, आशिष गिरी, विराटनगर (परिच्छेद एक र चार)

३.२ वि. पि. इ. पि. / सि. टि. एस. डि. सि (२०४९) प्राथमिक शिक्षा पाठ्यक्रम, प्राथमिक पाठ्यक्रम र पाठ्यपुस्तक, विकास इकाइ, सानोठिमी

३.३ वि. पि. इ. पि. / सि. टि. एस. डि. सि., (२०५०), प्राथमिक पाठ्यक्रम दिग्दर्शन, प्राथमिक पाठ्यक्रम पाठ्यपुस्तक विकास इकाइ, सानोठिमी

३.४ वि. पि. इ. पि. / सि. टि. एस. डि. सि. (२०५०), विषय विस्तृतिकरण : प्राथमिक पाठ्यक्रम २०४९ प्राथमिक पाठ्यक्रम, पाठ्यपुस्तक विकास इकाइ, सानोठिमी

३.५ जे. इ. एम. सि. (विभिन्न सालको) प्राथमिक विद्यालयका पाठ्यपुस्तकहरु, सानोठिमी

३.६ मन प्रसाद वाग्लेद्वारा लिखित पुस्तक *शिक्षा आधारहरु* (१९९३) बाट प्रशिक्षकले तयार पारेका पाठ्य पत्रहरु ।

४. विधि / कार्यकलाप हरु :

यो एकाइ अध्यापन गर्ने केही तरिकाहरु तल दिइएका छन् :

४.१ सहभागीहरुको बीचमा छलफल गराउने

४.२ छलफलबाट अर्थपूर्ण निष्कर्षहरु निकाल्ने

४.३ आवश्यकता अनुसार सहभागीहरुको प्रतिक्रियाहरुलाई संवलन । पुनर्वल प्रदान गर्ने ।

४.४ सहभागीहरुलाई समूहमा विभाजित गर्ने र दिइएका प्रश्नहरुको उत्तर पत्ता लगाउन वा समस्याहरु समाधान गराउन तथा प्रयोगात्मक गतिविधहिरु सञ्चालन गर्न समूहमा कार्य गर्न लगाउने

४.५ आवश्यकता अनुसार चार्ट, कार्डबोर्ड प्रयोग गरी छोटो व्याख्यान दिने

४.६ प्रश्नोत्तर विधि प्रयोग गर्ने

४.७ आवश्यकतानुसार दिइएको प्रश्नको उत्तर खोज्न र समस्याको समाधान गर्न लगाउन सन्दर्भ पुस्तकहरु अध्ययन गर्न लगाउने

४.८ ससमूहमा गरेका कार्यहरु कक्षामा प्रस्तुत गर्न लगाउने

५ मूल्यांकन :

यस एकाइका विषयवस्तु सहभागीहरुले सिकेका छन् वा छैनन् भनी निश्चय गर्न निम्नलिखित प्रश्नहरु वा गतिविधिहरु गर्न सकिन्छ :

५.१ कक्षामा मूल्यांकन :

५.१.१ होसियारी साथ गरिएको अवलोकन (सहभागीहरुका गतिविधिहरु, छलफल र समूह कार्यमा सहभागीता) का आधारमा वा रुजु सूचीका माध्यमबाट प्रत्येक सहभागी वा सहभागी समूहको मूल्यांकन गर्ने ।

५.१.२ शिक्षण अवधिमा वा कक्षाको अन्त्यमा सहभागीहरुलाई व्यक्तिगत रुपमा विशिष्ट प्रश्नहरु गर्ने ।

५१.३ सहभागीहरुको व्यक्तिगत सिकाइको प्रगतिको मूल्य निर्धारण गर्न गृह कार्यहरु पनि उत्तिकै उपयोगी हुन्छन् ।

## ५२ एकाइ पूरा भएपछि गर्ने मूल्यांकन

एउटा एकाइको अध्यापन पूरा भएपछि एउटा एकाइ परीक्षा लिनु पर्दछ । त्यसको पृष्ठपोषण यथाशक्य छिटो दिनु पर्दछ ।

## एकाइ दुई : प्राथमिक विद्यालय जाने बालबालिकाहरुको विकासात्मक विशेषताहरु

समय : १५ घण्टा

### एकाइ परिचय :

सिकाइ अनुभवहरु, शिक्षण कार्यनीतिहरु र शिक्षण–सिकाइ पाठ्य वस्तुहरुको छनौट सिकारुहरुको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासात्मक तहहरु अनुरुप हुनु अत्यावश्यक छ । यसर्थ, यो एकाइ सहभागीहरुलाई प्राथमिक विद्यालय जाने उमेर समूहका बालबालिकाहरुको विकासात्मक विशेषताहरु र तिनीहरुको स्वभावको ज्ञान दिने पक्षमा केन्द्रित छ । यसको साथसाथै, यस एकाइले सहभागीहरुलाई यो तालिम कार्यक्रमले बालबालिकाहरुलाई प्रभावकारी किसिमले सिका लगाउन र नेपालको सन्दर्भमा प्राथमिक विद्यालयका बालबालिकाहरुका लागि सिर्जनात्मक गतिविधिहरुका उपायहरु विकास गर्न सक्षमा वनाउने अभिप्रायले बालबालिकाहरुले कसरी सिक्दछन् भन्ने वारेमा वर्णन / छलफल गर्नेछ ।

### १. उद्देश्यहरु :

यो एकाइ पूरा भएपछि सहभागीहरु निम्न कुरामा सक्षम हुनेछन् :

१.१ वृद्धि र विकास जस्ता धारणाहरु तथा वाल विकासका अवस्थाहरु उल्लेख गर्न ।
१.२ नेपालका बालबालिकाहरुलाई विशेष ध्यानमा राखेर बालबालिकाहरुको विकासमा प्रभाव पार्ने तत्वहरु पहिचान गर्न ।
१.३ प्राथमिक विद्यालयका बालबालिकाहरुको प्रमुख विकासात्मक विशेषताहरु र स्वभावहरु वर्णन गर्न ।
१.४ बालबालिकाहरुले कसरी सिक्दछन् (प्रत्यावर्तन, नक्कल, अन्तर्दृष्टि / खोजद्वारा सिकाइ) वर्णन गर्न र तिनीहरुबाट शैक्षिक भावार्थहरु निकाल्न ।
१.५ बालबालिकाहरुमा सिर्जनशीलताको अभिवृद्धि गर्न र उनीहरुलाई विद्यालय तथा कक्षा कोठामा अनुशासित गर्न वा असल व्यवहार गर्न सिकाउन ।

### २. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विशिष्ट विषयवस्तु समावेश हुनेछन् :

२.१ मानव वृद्धि र विकासको अर्थ
२.२ वाल विकासका अवस्थाहरु
२.३ नेपालका बालबालिकाहरुको सन्दर्भमा वाल विकासमा प्रभाव पार्ने तत्वहरु
२.४ प्राथमिक विद्यालय जाने बालबालिकाहरुको शारीरिक, सामाजिक, वौद्धिक र संवेगात्मक विशेषताहरु

## ३. पाठ्यसामग्री :

यस एकाइको अध्यापन गर्न निम्नलिखित पाठ्यवस्तुहरु उपलब्ध हुनु पर्दछ :

३.१ मल्ल, स. भ. (२०३७), सरल शिक्षण नमूना, पाठ्यक्रम विकास केन्द्र, त्रि. वि.
३.२ केल्भिन व्यारी तथा लेनकिंगद्वारा लिखित *बिगिनिंग टिचिंग,* सोसल साइन्स प्रेस अष्ट्रेलिया १९९० (परिच्छेद दुई : प्लानिंग फर टिचिंग प्राक्टिस) बाट प्रशिक्षकले तयार पारेको पाठ्य पत्र ।
३.३ गौतम, प्र. च. (२०४२), परिचयात्मक शिक्षा, आशिष गिरी, विराटनगर (परिच्छेद दुई)
३.४ पि. ई. पि. (२०४६), शिक्षण परिचय : शिक्षण विधि तालिम पुस्तिका, प्राथमिक निरीक्षण र तालीम इकाइ, सानोठिमी, भक्तपुर ।

## ४. विधि / कार्यकलापहरु :

यो एकाइ अध्यापन गर्ने केही विधिहरु तल दिइएका छन् ;

४.१ सहभागीहरुको बीचमा छलफल गराउने र त्यसबाट निष्कर्ष निकाल्ने
४.२ सहभागीहरुलाई समूहमा विभाजित गर्ने र दिइएका प्रश्नहरुको उत्तर पत्ता लगाउन वा समस्याहरु समाधान गराउन तथा प्रयोगात्मक गतिविधिहरु सञ्चालन गर्न समूहमा कार्य गर्न लागाउने ।
४.३ समूहमा भएका छलफलका नतिजाहरुको प्रस्तुतीकरण
४.४ पूर्व निर्धारित कसिहरुको आधारमा समूहहरुले प्रस्तुत गरेका उत्तरहरु वा समाधानहरुको मूल्यांकन गर्ने र तिनीहरुलाई तत्काल पृष्ठपोषण दिने ।
४.५ सहभागीहरुलाई समूहमा विभाजित गर्ने र एकाइ योजना, दैनिक पाठयोजना र कुनै पनि कार्यको कार्यक्रम तयार गर्न लगाउने (प्रयोगात्मक गतिविधिहरु) ।
४.६ आवश्यकता अनुसार छोटो व्याख्यानहरु दिने ।

## ५ मूल्यांकन :

एकाइ एकमा उल्लेख गरिएका मूल्यांकन विधिहरु प्रयोग गर्ने ।

एकाइ तीन : शिक्षणको लागि योजना तर्जुमा गर्ने **समय : १० घण्टा**

एकाइ परिचय :

शिक्षकले शिक्षणको लागि गर्ने तयारी वा योजना ज्यादै नै महत्वपूर्ण क्रियाकलापको रुपमा देखापर्दछ क्रिनकि यसले उसलाई के, कहिले, किन र कसरी पढाउने भन्ने कुरामा निर्देशन दिन्छ । तसर्थ यस एकाइको मूल केन्द्र बिन्दु शिक्षणको लागि गरिने योजनाको प्रकृयाद्वारा पुरागरिने विभिन्न महत्वपूर्ण तथ्यहरुको वारेमा प्रकाश पार्नु र सिकाइका लक्ष्यहरु तयार पार्ने, एकाइ योजना र पाठयोजना वनाउनको लागि व्यवहारिक अनुभवहरु दिनुमा रहेको छ ।

१. उद्देश्यहरु :

यो एकाइ पुरा भएपछि सहभागीहरु निम्न कुरामा सक्षम हुनेछन् :

१.१ शिक्षणका लागि योजना तर्जुमाको महत्व वर्णन गर्न ।
१.२ योजना प्रक्रियाको आधारभूत अंगहरु । तत्वहरु उल्लेख गर्न र वर्णन गर्न ।
१.३ सिकाइ उद्देश्यहरुको परिभाषा दिन ।
१.४ सबै प्रकारका उद्देश्यहरुको सिकाइ उद्देश्यहरु लेख्न (जस्तै : संज्ञानी, मनोक्रियात्मक र प्रभावी)
१.५ शैक्षणिक योजना तर्जुमा गर्ने कार्य विधिहरु वर्णन गर्न ।
१.६ शिक्षणका लागि एकाइ योजनाहरु र दैनिक पाठयोजना तथा कुनै कार्य सम्पादन गर्ने कार्यक्रम तयार गर्न ।

२. विषयवस्तु :

यस एकाइमा निम्नलिखित बिशिष्ट विषयवस्तु समावेश हुनेछन् :

२.१ योजना तर्जुमा प्रक्रिया :

२.१.१ पृष्ठभूमि (विषय, विद्यार्थीहरु, समय, स्थान, स्रोतहरु)
२.१.२ सिकाइ उद्देश्यहरु (संज्ञानी, मनोक्रियात्मक, प्रभावी)
२.१.३ विषयवस्तु (तथ्यहरु, धारणाहरु, सामान्यीकरण, सीप)
२.१.४ सिकाइ अनुभवहरु (विद्यार्थीहरुको उमेर, क्षमता, आवश्यकताहरु र अभिरुचि तथा उद्देश्य र विषयवस्तु सुहाउँदा सिकाइ अनुभवहरु)
२.१.५ मूल्यांकन (सिकाइको गुणस्तर तथा मूल्यसम्बन्धी न्याँय / निर्णय गर्ने)

२.५ प्राथमिक विद्यालय जाने बालबालिकाहरुको स्वभावहरु जस्तै : तत्परता / फूर्तिलोपन, उत्सुकता, सिर्जनशीलता, खेल, व्यक्तिगत विभिन्नता ।

२.६ बालबालिकाहरुको सिकाइ :

२.६.१ प्रत्यावर्तनद्वारा सिकाइ

२.६.२ नक्कलद्वारा सिकाइ

२.६.३ अन्तारदृष्टि / खोजद्वारा सिकाइ

२.७ कक्षाकोठा र विद्यालयमा बालबालिकाहरुलाई बुझ्ने र तदनुरुप व्यवहार गर्ने ।

## ३. पाठ्य सामग्रीहरु :

यो एकाइको अध्यापन गर्न निम्नलिखित पाठ्य सामग्रीहरु उपलब्ध हुनु पर्दछ :

३.१ पन्त, भ. वि. (२०४६) ***नेपालमा प्राथमिक विद्यालय जाने उमेरका बालबालिकाहरुको संज्ञानात्मक विकास*** विकासको निमित शिक्षा (हर्ष नारायण धौभडेल र हेमांग राज अधिकारी–सम्पादाकहरु) सेरिड, काठमाण्डौं, (पेज १९–३८) ।

३.२ पन्त, भ. वि. (२०४८) विकासात्मक मनोविज्ञान, रत्नपुस्तक भण्डार, काठमाण्डौ ।

३.३ पन्त, भ. वि. (२०४८) सिकाइका सिद्धान्तहरु, रत्नपुस्तक भण्डार, काठमाण्डौ ।

३.४ पन्त, य. रा. (२०३८), शिक्षा मनोविज्ञानका तत्वहरु, शिक्षा शास्त्र अध्ययन संस्थान, सानोठिमी, भक्तपुर ।

३.५ भाटने, ए. ओ., (२०३४), वाल विकास, शिक्षा शास्त्र अध्ययन संस्थान / युनिसेफ, काठमाण्डौ ।

३.६ हरलक इ. वि. द्वारा लिखित ***डिभलपमेण्टल साइकोलोजी*** (१९७८) बाट प्रशिक्षकले तयार पारेका पाठ्य पत्रहरु

## ४. विधि / कार्यकलापहरु

एकाइ एकमा उल्लेख गरिएका विधि / कार्यकलापहरु प्रयोग गर्ने ।

## ५ मूल्यांकन :

एकाइ एकमा उल्लेख गरिएका मूल्यांकन विधिहरु प्रयोग गर्ने ।

## एकाइ चार : शिक्षण सिकाइ सामाग्रीको छनौट, तयारी, प्रयोग र हेरविचार

समय : ५ घण्टा

**एकाइ परिचय :**

स्रोतयुक्त शिक्षकको लागी शैक्षिक सामाग्रीको निर्माण र प्रयोगको माध्यमद्वारा विद्यार्थीको शैक्षिक अनुभवलाई बढी अर्थपूर्ण र सुरुचिपूर्ण बनाउनु एक महत्वपूर्ण काम हुन आउंछ । यस एकाइमा जोड दिएको शैक्षिक सामाग्री भन्नाले कुनै खास विषय वा कक्षाको वाञ्छित शैक्षिक लक्ष्य प्राप्त गर्नको लागि शिक्षकको शैक्षिक क्रियाकलाप तथा विद्यार्थीको सिकाइ अनुभव दुवैलाई देन दिने सबै प्रकारका सामाग्री तथा भौतिक वस्तु हुन भन्ने बुझिन्छ ।

१. उद्देश्यहरु :

१.१ प्रस्तुत एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

- १.१.१ शिक्षण सिकाइ सामाग्रीको सामान्य अर्थ बताउन
- १.१.२ शैक्षिक सामग्रीहरुलाई तिनीहरुको प्रयोग अनुरुप विभिन्न श्रेणीमा विभक्त गर्न ।
- १.१.३ शिक्षण सिकाइ सामाग्रीको. छनौट तथा तयारी गर्नको लागि निर्देशन दिन आवश्यक पर्ने पूर्वाधारहरुको किटान गर्न
- १.१.४ नेपालका प्राथमिक विद्यालयहरुको सन्दर्भमा शैक्षिक सामाग्रीहरुको हेरचाह गर्ने उपयुक्त तरिकाहरु पत्ता लगाउन
- १.१.५ व्यक्तिगत रुपमा वा समूहमा शिक्षण सिकाइ सामाग्रीहरु तयार गर्न
- १.१.६ विभिन्न शिक्षण सिकाइ सामाग्रीको प्रयोगको किटान गर्न

२. विषयवस्तु :

यस एकाइमा निम्नलिखित विषयवस्तु समावेश गरिने छ :

- २.१ आधार सामाग्रीहरु जस्तै : पाठ्यक्रम, पाठ्यपुस्तकहरु, शिक्षक निर्देशन पुस्तिका, विद्यार्थी कार्य पुस्तिका आदि ।
- २.२ कक्षा कोठामा उपलब्ध सामाग्रीहरु जस्तै : कालोपाटी, नक्सा, चार्ट र पोष्टर आदि ।
- २.३ पूरक वा सहायक सामाग्रीहरु जस्तै : पूरक वा सहायक पाठ्य सामाग्रीहरु, शिक्षक निर्मित सामाग्रीहरु आदि ।
- २.४ वातावरण जस्तै : दैनिक अवलोकन वा अनुभवमा आउने प्राकृतिक र मानवीय घटना वस्तुहरु ।

३. सामाग्रीहरु :

यस एकाइको शिक्षणका निम्न निम्नलिखित सामाग्रीहरु उपलब्ध हुनुपर्दछ :

३.१ प्राथमिक विद्यालय पाठ्यक्रम, पाठ्यपुसतक, शिक्षक निर्देशन पुस्तिका, नक्सा, चार्ट र ग्राफ ।

३.२ प्रदीप चन्द्र गौतम (२०४२) परिचयात्मक शिक्षा, (पाठ ६) आशिष गिरी, बिराटनगर) ।

३.३ प्राथमिक शिक्षा परियोजना (प्रा. शि. प.) शैक्षिक सामाग्री तालिम पुस्तिका पि. यस. टि. यु, सानोठिमी ।

३.४ सेरिड (२०३९) सामान्य वस्तुका शैक्षिक सामाग्री सहायक पुस्तक, काठमाण्डौ ।

३.५ सेरिड (१९८७), ट्रेनिंग एण्ड प्राडक्सन अफ वर्कस रिसोर्ट अफ ट्रेनिंग टिचिंग एड्स याट प्राइमरि लेभल, ३० अगष्ट ८ सेप्टेम्बर (१९८७), काठमाण्डौ ।

४. विधि / कार्यकलाप :

यस एकाइको अध्यापनको लागि अपनाउन सकिने केही तरीकाहरु तल दिइएका छन् :

४.१ विभिन्न प्रकारका शिक्षण–सिकाइ सामाग्रीहरु प्रदर्शन गरी ती सामाग्रीको अर्थ बताई छलफल तथा प्रश्नोत्तर गर्न लगाउने ।

४.२ सहभागीलाई शिक्षण सिकाइ सामाग्रीहरु विभिन्न तह वा वर्गमा विभक्त गर्न मद्दत गर्ने, जस्तै : आधार सामाग्री, कक्षाकोठा सामाग्री आदि ।

४.३ उपरोक्त वर्गमा विभाजित सामाग्रीहरुको उदाहरण प्रस्तुत गर्ने, जस्तै : आ. प्रा. शि. प. को प्राथमिक पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास एकाइबाट तयार पारिएका सहायक पाठ्य सामाग्रीहरुको उदाहरण दिने ।

४.४ शिक्षण सिकाइ सामाग्रीको छनौट तथा निर्माण बारे छलफल गरी आएका बुँदाहरुलाई संक्षेपीकरण गरी कुनै पाठको लागि यी सामाग्री छान्न र तयार गर्न लगाउने ।

४.५ शिक्षण–सिकाइ सामाग्रीको प्रयोग र हेरचाह गर्ने बारे एउटा नमूना कार्य गरी देखाउने (प्रशिक्षकबाट)

४.६ केही निर्दिष्ट पाठका लागी सहभागीलाई यस्ता सामाग्रीहरुको निर्माण गर्न लगाउने ।

५ मूल्यांकन :

प्रस्तुत एकाइमा समावेश गरिएका विषयवस्तु सहभागीले सिके नसिकेको निश्चित गर्न निम्नलिखित प्रश्न वा क्रियाकलाप प्रयोग गर्न सकिन्छ ।

५१ कक्षा कोठामा सहभागीको सक्रिय सहभागिता छ छैन, क्रियाकलाप सामूहिक वा व्यक्तिगत रुपमा गर्न उत्सुक छ छैन र प्रश्नको उत्तर दिने तत्परता आदि कुराहरुं नियालेर हेर्नुपर्दछ ।

५२ प्रशिक्षणको बेला वा अन्त्य तिर विषयवस्तुसँग सम्बध्द हुने गरी प्रश्नहरु सोध्ने,

५३ आवश्यक भए गृहकार्य पनि दिने तर गृहकार्य परीक्षण गर्न भने नबिर्सने ।

५४ सहभागीलाई पकेट चार्ट बनाउन लगाई त्यसको प्रयोग कसरी गर्ने सो प्रदर्शन गर्न लागउने ।

५५ एकाइ परीक्षा लिने र त्यसबाट प्राप्त परिणाम बारे सहभागीलाई तत्काल जानकारी दिने ।

## एकाइ पाँच : शिक्षण–सिकाइ प्रक्रिया

समय : ५ घण्टा

### एकाइ परिचय :

पाठ्यक्रमको मनसाय वा उद्देश्य प्राप्तिमा प्रभाव पार्ने तत्वहरु मध्ये शिक्षकले प्रयोग गर्ने शिक्षण सिकाइ प्रक्रिया वा शिक्षणका तरिकाहरु पनि हुन् । विद्यार्थीहरुले विभिन्न तरिकाबाट सिकेजस्तै शिक्षणमा पनि विभिन्न तरिकाहरुको प्रयोग हुन्छ । व्याख्यान, छलफल जस्ता शिक्षण विधिहरु वर्षौदेखि प्रयोगमा आएका छन् भने प्रदर्शन, सूक्ष्म शिक्षण तथा सञ्चारविधिहरुको प्रयोग त्यति पुरानो छैन । शिक्षकलाई संज्ञानात्मक, मनोक्रियात्मक तथा भावात्मक सिकाइका क्षेत्रहरु सिकाउन मद्दत गर्ने खालका शिक्षण विधिहरुको व्यापक ज्ञान हुनु आवश्यक छ ।

प्रस्तुत एकाइको मूलभूत ध्यान सहभागीलाई शिक्षण वा विभिन्न विधिहरुको परिचय दिनमा मात्र केन्द्रित नभएर यी विधिहरुका विश्लेषण तथा प्रयोग विद्यार्थीहरुको पृष्ठभूमि र विषयवस्तु अनुकूल हुने गरी तथा प्राथमिक तहमा अपेक्षित सिकाइ उपलब्धि अनुरुप गराउन लगाउनमा पनि केन्द्रित छ । यसका अतिरिक्त यस एकाइमा विद्यार्थी र शिक्षक बीच सुसम्बन्ध स्थापना गर्नका लागि आवश्यक गुणहरु र कार्यहरुका बारेमा पनि चर्चा हुन्छ । शिक्षण विधि या तरिकाहरुको विश्लेषण गर्दा तिनीहरुको सबल तथा दुर्बल पक्ष जस्तै : शिक्षक–केन्द्रित, विद्यार्थी– केन्द्रित वा यी दुवै बीचको छ भनेर जोड दिनु पर्ने हुन्छ ।

### १. उद्देश्यहरु :

प्रस्तुत एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१.१ शिक्षण सिकाइ प्रक्रियाको योजना गर–सिकाऊ–मूल्यांकन गर भन्ने नमुनाको बारेमा व्याख्या गर्न ।
१.२ शिक्षणका विभिन्न तरिका / विधिहरुको तिनीहरुको प्रयोग र कमजोरीका आधारमा व्याख्या गर्न ।
१.३ शिक्षणका विभिन्न तरिकाहरु, जस्तै : सूक्ष्म शिक्षण, सिमुलेशन, रोलप्ले, खेलविधि आदिको तयारी गरी प्रदर्शन गर्न ।
१.४ शिक्षक र विद्यार्थी बीच राम्रो सम्बन्ध स्थापना गर्ने विविध उपायहरुको चर्चा गर्न ।

### २. विषयवस्तु :

यस एकाइले निम्नलिखित विषयवस्तुलाई समेटने छ :

२.१ योजना गर–सिकाऊ–मूल्यांकन गर भन्ने क्रम
२.२ शिक्षणका सामान्य विधि तथा तरिकाहरु :

२.२.१ व्याख्यान
२.२.२ समूह छलफल
२.२.३ प्रदर्शन
२.२.४ सिमूलेशन
२.२.५ समस्या समाधान (निर्देशित खोज / आविष्कार)
२.२.६ ड्रिल
२.२.७ प्रश्नोत्तर
२.२.८ कथा कथन
२.२.९ सूक्ष्म शिक्षण
२.२.१० शैक्षिक अध्ययन / क्षेत्र गत भ्रमण
२.२.११ खेल विधि
२.२.१२ सञ्चार विधि

२.३ कक्षा व्यवस्थापन, नियन्त्रण तथा विद्यार्थी–शिक्षक सम्बन्ध ।

३. **सामाग्रीहरु** :

यो एकाइ पढाउनको लागि निम्नलिखित सामाग्रीहरु उपलब्ध हुनुपर्दछ :

३.१ सर्वज्ञ भक्त मल्ल (२०३७) सरल शिक्षण नमुना, पाठ्यक्रम विकास केन्द्र त्रि. वि. वि., कीर्तिपुर ।
३.२ प्रदीप चन्द्र गौतम (२०४२) परिचयात्मक शिक्षा (पाठ ६), आशिष गिरी, रानी, बिराटनगर ।
३.३ यज्ञराज पन्त तथा चन्द्ररमण पराजुली (२०३५) शिक्षाका तत्वहरु, दूरशिक्षण कार्यक्रम, शिक्षा शास्त्र अध्ययन संस्थान, सानोठिमी, भक्तपुर ।
३.४ प्राथमिक शिक्षा परियोजना (२०४६) शिक्षा परिचय : शिक्षा विधि तालिम पुस्तिका, पि. यस. टि. यू., सानोठिमी, भक्तपुर ।
३.५ Beginning Teaching by Kevin Barry and Len King नामक किताबबाट प्रशिक्षकले निम्न पाठबाट तयार पारेका हस्तपत्रहरु (handouts) ।

पाठ २ बाट प्लानिंग फर टिचिंग प्राक्टिस्
पाठ ५ बाट डेभलपिंग टिचिंग स्ट्र्याटेजिज
पाठ ६ बाट बेसिक क्लास मेनेजमेन्ट एण्ड कन्ट्रोल

४ विधि / क्रियाकलाप :

यस एकाइलाई पढाउँदा प्रयोगमा ल्याइने केही विधिहरु यस प्रकारका छन् :

४.१ शिक्षण सिकाइ प्रकृया वारे छलफल गर्ने र त्यसको परिभाषा वताउने । तत्पश्चात यस प्रक्रियाको त्रिपक्षीय क्रम–योजना–शिक्षण–मूल्यांकन बारे व्याख्या गर्ने ।
४.२ बिभिन्न शिक्षण विधि / तरिका बारे कक्षामा छलफल गराई त्यसबाट निस्केका विधि / तरिका श्याम पाटीमा लेख्ने ।
४.३ कक्षालाई समूह समूहमा बाँडेर प्रत्येक समूहलाई शिक्षणको कुनै एक तरीका / विधि तयार पारी प्रस्तुत गर्न लगाउने ।
४.४ कक्षाकोठा व्यवस्थापन र नियन्त्रण वारे सहभागीको अनुभव बाँडचुँड गर्ने र प्रभावकारी व्यवस्थापनका उपायहरुको छलफलद्वारा सूचि वनाउने ।
४.५ सहभागीको अनुभवको आधारमा प्रभावकारी शिक्षकका विशेषताहरुको सूची तयार पार्ने र विद्यार्थीसँग राम्रो सम्बन्ध स्थापना गर्न आवश्यक कुराहरु वारे छलफल गर्ने ।

५ मूल्यांकन :

सहभागीले प्रस्तुत एकाइ बुझे / नबुझेको यकिन गर्न निम्न कुराहरु गर्ने :

५.१ शिक्षण सिकाइ प्रक्रियाको लागि आवश्यक पर्ने विविध पक्षहरुको वारेमा सामुहिक सूची तयार गर्न लगाउने ।
५.२ एकाइ परीक्षा (लिखित) लिने र परीक्षाको परिणाम बारे सहभागीलाई तत्काल अवगत गराउने ।

## एकाइ छ : नेपालमा प्राथमिक शिक्षा तथा विद्यालयहरुको स्थिति र समस्याहरु

समय : ५ घण्टा

### एकाइ परिचय :

२००७ सालमा प्रजातन्त्रको आगमनले नेपालमा शिक्षाको द्वार खोलेको र त्यस समयदेखि सरकारी तथा गैरसरकारी प्रयासबाट देशको बिभिन्न ठाउँमा शैक्षिक संस्थाहरुको स्थापना हुँदै गयो । विकास कार्यमा तथा विकास प्रक्रियामा प्राथमिक शिक्षाको महत्वलाई स्विकार्दै श्री ५ को सरकारले आफ्ना विकास योजनाहरुमा प्राथमिक शिक्षालाई उचित स्थान दिंदै आएको र प्राथमिक शिक्षाको संख्यात्मक तथा गुणात्मक विकासको लागि विभिन्न प्रकारका कार्यक्रम तथा आयोजनाहरुको सञ्चालन पनि गरिएको छ । यी विभिन्न प्रयासको बावजुद पनि यस क्षेत्रमा विभिन्न समस्याहरु देखापरेका र प्राथमिक शिक्षाको स्थिति त्यति सन्तोषजनक नभएको पाइएको छ । तसर्थ, यस सन्दर्भमा प्राथमिक शिक्षाको क्षेत्रमा प्रत्यक्षत : संलग्न प्राथमिक विद्यालय शिक्षकहरुमा प्राथमिक शिक्षा अर्थात विद्यालयहरुको स्थिति र त्यसमा भोग्नु परेका समस्याहरु बारे राम्रो ज्ञान हुनु आवश्यक ठानिएको छ । त्यसकारण यो एकाइको मूल ध्यान शिक्षकहरुलाई यी समस्या र स्थिति बारे राष्ट्रिय सन्दर्भको आधारमा अवगत गराउनुमा रहेको छ ।

### १ उद्देश्यहरु :

यस एकाइको अन्त्यमा सहभागीहरु निम्न कुराहरु गर्न सक्षम हुनेछन् :

१.१ प्राथमिक शिक्षाका समस्यारुलाई पहुँच / उपलब्धता तथा गुण / कुशलताका आधारमा पहिचान गर्न र व्याख्या गर्न ।

१.२ प्राथमिक शिक्षा तथा विद्यालयहरुमा भौतिक तथा शैक्षणिक सुविधाहरु, शिक्षामा महिलाको कम–सहभागिता, सामुदायिक सहयोग, विद्यार्थीको पृष्ठभूमि आदि जस्ता समस्याहरुको विशिष्टता निरुपण गर्न ।

१.३ विद्यालय संख्या, विद्यार्थी संख्या तथा शिक्षक संख्याको आधारमा नेपालमा सन् १९५१ देखि सन् १९९१ सम्म प्राथमिक शिक्षाको विकास र विस्तार बारे छलफल गर्न ।

१.४ सामुदायिक सेवा वा प्रदर्शन केन्द्रको रुपमा विद्यालयको स्थिति बारे व्याख्या गर्न ।

१.५ प्राथमिक शिक्षालाई सर्वसुलभ गराउने काममा देशमा भएका योजना तथा कार्यक्रमहरुको उदाहरण सहित चर्चा गर्न ।

२. **विषयवस्तु** :

यस एकाइमा निम्नलिखित विषयवस्तुहरु समावेश गरिएको छ :

२.१ महिला र सुविधाविहिन समूहको लागि शिक्षाको सन्दर्भमा प्राथमिक शिक्षाको उपलब्धता र समानता ।

२.२ विद्यालय भर्ना स्थिति, विद्यालय छाड्नेको दर र शैक्षिक उपलब्धि वा सफलताको तह ।

२.३ स्थानीय समुदायको प्रेरणा तथा सहयोग ।
२.४ विद्यालयमा भौतिक सुविधाहरु ।
२.५ शिक्षण–सिकाइ सामग्रीहरु, जस्तै : पाठ्यक्रम, पाठ्यपुस्तक आदि ।
२.६ शिक्षक र विद्यार्थी जस्तै तिनीहरुको पृष्ठभूमि, अनुपस्थिति आदि ।
२.७ व्यवस्थापन ।
२.८ सामुदायिक सेवा वा प्रदर्शन केन्द्रको रुपमा विद्यालय ।
२.९ सवूसुलभ प्राथमिक शिक्षाको लागि तयार पारिएका योजना तथा कार्यक्रमहरु ।

३. **सामग्रीहरु** :

यस एकाइ पढाउनको लागि निम्नलिखित सामग्रीहरु उपलब्ध हुनु पर्दछ :

३.१ CERID (1991), Status of Universalization of Primary Education For Girls Tripureshwor, Kathmandu.

३.२ CERID (91990), - Wastage in Primary Education in Nepal, Tripureshwor, Kathmandu.

३.३ Aryal, Pant and Kafle (91990), Promotion of Primary Education for Girls and Disadvantaged Groups - NDG-Ministry of Education and Culture - CERID-Kathmandu.

३.४ CERID (91987), An Inquiry into the Causes of Primary School Dropouts in Rural Nepal (A study Report), Tripureshor, Kathmandu.

३.५ MOEC (2048) (हालको) नेपालको शैक्षिक तथ्यांक–तथ्यांक शाखा, केशरमहल, काठमाण्डौ ।

३.६ BPEP / CTSDC (2050) प्राथमिक पाठ्यक्रम दिग्दर्शन–प्राथमिक पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास एकाइ–सानोठिमी ।

३.७ BPEP/CTSDC (2050) विषय विस्तृतिकरण : प्राथमिक पाठ्यक्रम (२०४९) पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास एकाइ–सानोठिमी ।

३.८ CERID (1991), Physical Facilities and Their Management in Public Primary Schools of Kathmandu Valley, Kathmandu (Handouts Prepared by the Trainer).

४. **विधि / क्रियाकलाप** :

यो एकाइको शिक्षणका लागि प्रयोग गर्न सकिने केही तरिकाहरु तल दिइएकाछन् :

४.१ प्रशिक्षार्थी सहभागीहरुलाई प्राथमिक विद्यालयमा महिला तथा पुरुषको समान सहभागीता नहुनुका कारणहरुको बारेमा छलफल गराउने र राष्ट्रिय स्तरमा देखिएका समस्याहरुको सूची बनाइ शिक्षाको उपलव्धता र गुण / प्रभावकारिताको सन्दर्भमा छलफल गर्ने ।

४.२ सहभागीहरुलाई २ समूहमा बाँडेर एक समूहलाई विद्यालयको भौतिक सुविधा र अर्को समूहलाई शैक्षिक सुविधासँग सम्बन्धित समस्याहरु उपर छलफल गर्न लगाइ कक्षामा प्रस्तुत गर्न लगाउने ।

४.३ प्राथमिक शिक्षा र विद्यालय सम्बन्धी अद्यावधिक तथ्यांक प्रस्तुत गरी उमेर, कक्षा तथा कानूनी पक्षलाई केन्द्रबिन्दु बनाई प्राथमिक शिक्षाको वर्तमान स्थिति बारे छलफल गराउन लगाउने र यसैसँग सम्बन्धित गराएर तथ्यांकहरुको आधारमा यसको विस्तार बारे चर्चा गर्ने ।

४.४ विद्यालइलाई कसरी सामुदायिक सेवा वा प्रदर्शन केन्द्रको रुपमा उपयोग गर्न सकिन्छ सो बारे छलफल गर्न लगाएर सहभागीबाटै छोटो रिपोर्ट प्रस्तुत गर्न लगाउने ।

४.५ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन र प्राथमिक पाठ्यक्रम दिग्दर्शन पुस्तकमा उल्लिखित विवरणमा आधारित गरी सन् २००० सम्म प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउने योजना तथा कार्यक्रमहरुको बारेमा सहभागी बीच छलफल गराउने ।

## ५ मूल्यांकन :

सहभागीले प्रस्तुत एकाइमा उल्लिखित विषयवस्तु सिकेको कुरा निश्चित गर्न तल उल्लिखित क्रियाकलाप वा प्रश्नहरु गर्न सकिन्छ :

५.१ नेपालमा प्राथमिक शिक्षाको स्थिति र समस्याहरु बारे एउटा छोटो प्रतिवेदन तयार गर्नुहोस् ।

५.२ प्राथकि शिक्षा सर्वसुलभ गराउन चालिएका कदमहरु के–के हुन् ? छोटकरीमा उदाहरण सहित व्याख्या गर्नुहोस् ।

## ६. पाठ्यांश विवरण

घण्टा : ४५ जम्मा घण्टी : ६० पूर्णाङ्क : ३५

परिचय :

प्रस्तुत पाठ्यांशको मूल उद्देश्य शिक्षण पेशाको सफलताको लागी आवश्यक ठानिएका शिक्षाका सिद्धान्ताहरु तथा केही प्रारम्भिक धारणाहरुको ज्ञानको माध्यमबाट प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रमका सहभागीहरुलाई पेशागत पृष्ठभूमि प्रदान गर्नु रहेको छ। यो धारणात्मक पृष्ठभूमि, विकासात्मक तथा शैक्षिक मनोविज्ञान, शिक्षण विज्ञान, पाठ्यक्रम विकास तथा मूल्यांकनका साथै विद्यालय व्यवस्थापन र कक्षाकोठा संगठनका ढाँचाहरु जस्ता विषयहरुमा समेत मान्यता दिइएका सिद्धान्तहरुमा आधारित छ। यो धारणात्मक सन्दर्भको अलावा पस्तुत पाठ्यांशले केही व्यवहारिक अंगहरुलाई पनि समेटेर सहभागीहरुलाई शैक्षणिक तथा मूल्यांकन ढाँचा र विधिहरुको प्रभावकारी योजना निर्माण तथा कार्यान्वयनको लागि आवश्यक पर्ने ज्ञान र सीपयुक्त बनाउने प्रयाश गरेको छ। उपरोक्त कुराको अतिरिक्त यस पाठ्यांशले सहभागीहरुलाई आफू काम गर्ने विद्यालयको विद्यालयीय परिस्थिति प्रति सचेत गराउने कोशिस गर्नुको साथै विद्यमान विद्यालयीय परिस्थितिमा प्रशिक्षण कार्यक्रमबाट सिकेका कुराहरुलाई प्रयोग गरी बढी से बढी उपलब्धि हाँसिल गर्न प्रेरित गर्दछ।

अन्त्यमा, प्रस्तुत पाठ्यांशले प्रशिक्षण कार्यक्रमलाई व्यवहारिकताको पूट दिन शैक्षिक सामग्रीको पर्याप्त प्रयोग गर्न, स–साना समूहबीच अन्र्तक्रिया गर्ने मौका उपलब्ध गराउन र व्यवहारिक कार्यकलापहरु गर्न लगाउने कुरामा जोड दिएको छ।

उद्देश्य :

यस पाठ्यांशको अन्त्यमा सहभागी–शिक्षकहरु निम्न कुराहरु गर्न सक्षाम हुनेछन् :

१. शिक्षाको सामान्य अवधारणा वर्णन गर्न र यसका बिभिन्न रुपहरुको पहिचान गर्न,
२. पाठ्यांशको अवधारणा तथा यसको महत्वबारे व्याख्या गर्न,
३. प्राथमिक विद्यालयपाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यक्रम सम्बन्धी सामग्रीहरुको बिवेचना र प्रयोग गर्न,
४. बालविकासका अवस्थाहरु, तिनका विशेषताहरु र तिनलाई प्रभाव पार्ने तत्वहरुको वर्णन गर्न,
५. विद्यालयमा प्रभावकारी सिकाइ सम्भव गराउने उपायहरु पत्ता लगाइ तिनको अवलम्वन गर्न,
६. प्राथमिक पाठ्यक्रमलाई प्रभावकारी रुपमा शिक्षण गर्न बिभिन्न शिक्षण–सिकाइ तरिकाहरु पत्ता लगाउन,

६. प्राथमिक पाठ्यक्रमलाई प्रभावकारी रुपमा शिक्षण गर्न विभिन्न शिक्षण–सिकाइ तरिकाहरु पत्ता लगाउन,

७. प्राथमिक विद्यालयका विद्यार्थीको शिक्षण–सिकाइ प्रक्रियासँग बाल–विकास प्रक्रियालाई सम्बद्ध गर्न,

८. मूल्यांकन र शिक्षण विधि तथा शिक्षण–सामग्रीको उचित छनौटबाट शिक्षणको लागि योजना तर्जुमा गर्न,

९ नेपालमा प्राथमिक विद्यालय र प्राथमिक शिक्षाका समस्याहरु र स्थिति बारे विश्लेषण गर्न ।

**विषयवस्तुको विवरण :**

**एकाइ १ : शिक्षा परिचय र प्राथमिक शिक्षा पाठ्यक्रम** समय : ५ घण्टा

१.१ शिक्षाको अर्थ र धारणा :
- १.१.१ शिक्षाका कार्यहरु :
  - १.१.१.१ साँस्कृतिक कार्यहरु
  - १.१.१.२ आर्थिक कार्यहरु
  - १.१.१.३ नागरिक कार्यहरु
  - १.१.१.४ सम्पूर्ण क्षेत्र समाविष्ट कार्यहरु
- १.१.२ शिक्षाका रुपहरु :
  - १.१.२.१ औपचारिक शिक्षा
  - १.१.२.२ अनौपचारिक शिक्षा
  - १.१.२.३ अनियमित शिक्षा

१.२ पाठ्यक्रमको अर्थ र धारणा :
- १.२.१ नेपालको प्राथमिक शिक्षण पाठ्यक्रमको परिदर्शन :
  - १.२.१.१ नेपालको प्राथमिक शिक्षाका उद्देश्यहरु
  - १.२.१.२ नेपालको प्राथमिक शिक्षा पाठ्यक्रम वि. सं.२०४९ को ढांचा र तत्वहरु
  - १.२.१.३ तहगत र कक्षागत सिकाइ उपलब्धिहरु
  - १.२.१.४ क्षेत्र र क्रम
  - १.२.१.५ सिकाइ उपलब्धिको विषयगत र कक्षागत विशिष्टकरण
- १.२.२ प्राथमिक विद्यालय पाठ्यपुस्तकहरु

## एकाइ २ : प्राथमिक विद्यालय जाने बालबालिकाको विकासात्मक विशेषताहरु

समय : १५ घण्टा

२.१ मानव वृद्धि र विकासको अर्थ
२.२ बाल विकासका अवस्थाहरु
२.३ नेपालका बालबालिकाको सन्दर्भमा बाल विकासमा प्रभाव पार्ने तत्वहरु
२.४ प्राथमिक विद्यालयका बालबालिकाको शारीरिक, सामाजिक, वौद्धिक र संवेगात्मक विशेषताहरु,
२.५ प्राथमिक विद्यालयका बालबालिकाको स्वभावहरु, जस्तै : तत्परता / फूर्तिलोपना, उत्सुकता, सिर्जनशीलता, खेल, व्यक्तिगत बिभिन्नता,
२.६ बालबालिकाको सिकाइ :

२.६.१ प्रत्यावर्तनद्वारा सिकाइहरु
२.६.२ नक्कलद्वारा सिकाइ
२.६.३ अन्तर्दृष्टि । खोजद्वारा सिकाइ

२.७ कक्षाकोठा र विद्यालयमा बालबालिकालाई बुझ्ने र तदनुरुप व्यवहार गर्ने ।

## एकाइ ३ : शिक्षणको लागी योजना तर्जुमा गर्ने

समय : १० घण्टा

३.१ योजना तर्जुगा प्रक्रिया :
३.१.१ पृष्ठभूमि (विषय–विद्यार्थीहरु, समय, स्थान, स्रोतहरु)
३.१.२ सिकाइ उद्देश्यहरु (संज्ञानी, मनोक्रियात्मक, प्रभावी)
३.१.३ विषयवस्तु, (तथ्यहरु, धारणाहरु, सामान्यीकरण, सीप)
३.१.४ सिकाइ अनुभवहरु (विद्यार्थीको उमेर, क्षमता, आवश्यकता र अभिरुची तथा उद्देश्य र विषयवस्तु सुहाउँदा सिकाइ अनुभनहरु)
३.१.५ मूल्यांकन (सिकाइको गुणस्तर तथा मूल्य सम्बन्धी न्याँय / निर्णय गर्ने)

## एकाइ ४ : शिक्षण–सिकाइ सामग्रीको छनौट, तयारी, प्रयोग र हेरबिचार

समय : ५ घण्टा

४.१ आधार सामग्रीहरु
४.२ कक्षाकोठामा उपलब्ध सामग्रीहरु
४.३ पूरक वा सहायक । अतिरिक्त सामग्रीहरु
४.४ वातावरण

## एकाइ ५ : शिक्षण–सिकाइ प्रक्रिया

समय : ५ घण्टा

५.१ योजना–शिक्षण–मूल्यांकन क्रम

५.२ शिक्षणका सामान्य विधि तथा तरिकाहरु :

- ५.२.१ व्याख्यान
- ५.२.२ समूह छलफल
- ५.२.३ प्रदर्शन
- ५.२.४ सिमूलेशन
- ५.२.५ समस्या–समाधान (निर्देशित खोज / आविष्कार)
- ५.२.६ ड्रिल (अभ्यास कार्य)
- ५.२.७ प्रश्नोत्तर
- ५.२.८ कथा–कथन
- ५.२.९ सूक्ष्म शिक्षण (Micro Teaching)
- ५.२.१० शैक्षिक / अध्ययन / क्षेत्रगत भ्रमण
- ५.२.११ खेल विधि वा खेल
- ५.२.१२ सञ्चार

५.३ कक्षा व्यवस्थापन, नियन्त्रण तथा विद्यार्थी–शिक्षक सम्बन्ध

## एकाइ ६ : नेपालमा प्राथमिक शिक्षा तथा विद्यालयहरुको स्थिति र समस्याहरु

समय : ५ घण्टा

६.१ महिला तथा सुविधाविहीन समूहको लागी शिक्षाको सन्दर्भमा प्राथमिक शिक्षाको उपलब्धता र समानता

६.२ विद्यालय भर्ना स्थिति, विद्यालय बीचैमा छाड्नेको दर र शैक्षिक उपलब्धि वा सफलताको तह

६.३ स्थानीय समुदायको प्रेरणा तथा सहयोग

६.४ विद्यालयमा भौतिक सुबिधाहरु

६.५ शिक्षण–सिकाइ सामग्रीहरु (पाठ्यक्रम, पाठ्यपुस्तक आदि)

६.६ शिक्षक र विद्यार्थी (पृष्ठभूमि, अनुपस्थिति आदि)

६.७ व्यवस्थापन

६.८ सामुदायिक सेवा वा प्रदर्शन केन्द्रको रुपमा विद्यालय

६.९ सर्वसुलभ प्राथमिक शिक्षाको लागी ल्याइएका योजनाहरु तथा कार्यक्रमहरु ।

## ७. सन्दर्भ सामग्री
## (References)


१. प्रदीप चन्द्र गौतम , परिचयात्मक शिक्षा, आशिष गिरी, रानी, विराटनगर २०४२, (अध्याय १ र ४)

२. आ. तथा प्रा. शि. परियोजना / पा. पा. नि.. वि. केन्द्र, प्राथमिक शिक्षा पाठ्यक्रम, प्राथमिक तथा पाठ्यपुस्तक विकास एकाइ, सानोठिमी, २०४९

३. आ. तथा प्रा. शि. परियोजना / पा. पा. नि.. वि. केन्द्र, प्राथमिक पाठ्यक्रम दिग्दर्शन, प्राथमिक पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास एकाइ, सानोठिमी, २०५०

४. आ. तथा प्रा. शि. परियोजना / पा. पा. नि.. वि. केन्द्र, विषय विस्तृतिकरण : प्राथमिक पाठ्यक्रम, प्राथमिक पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास एकाइ, सानोठिमी, २०४९

५. जनक शिक्षा सामग्री केन्द्र, प्राथमिक विद्यालयका विभिन्न पाठ्यपुस्तकहरु, सानोठिमी, विभिन्न वर्षहरु

६. मन प्रसाद वाग्ले, शिक्षाका आधार, एम. के. पब्लिशर्स, भोटाहिटी, काठमाण्डौ (प्रशिक्षकले प्रस्तुत किताववाट पाठपत्रहरु (**handouts**) तयार पार्नेछ, १९९३

७. भरत विलास पन्त, नेपालमा प्राथमिक विद्यालय जाने उमेरका बालबालिकाको संज्ञानात्मक विकास, **विकासको निम्ति शिक्षा** मा उल्लिखित–सेरिड, त्रिपुरेश्वर, काठमाण्डौ, २०४६, पाना (१९–३८)

८. भरत विलास पन्त, विकासात्मक मनोविज्ञान, रत्न पुसतक भण्डार, काठमाण्डौ, २०४८

९ भरत विलास पन्त, सिकाइका सिद्धान्तहरु, रत्न पुस्तक भण्डार, काठमाण्डौ, २०५०

१०. यज्ञराज पन्त, शिक्षा मनोविज्ञानका तत्वहरु, शिक्षाशास्त्र अध्ययन संस्थान, सानोठिमी, २०३८

११. ए. ओ. भाट्ने, बाल–विकास, शिक्षा शास्त्र अध्ययन संस्थान / यूनिसेफ, काठमाण्डौ, २०३४

१२. Hurlock E.B., Developmental Psychology, Tata Mcgraw Hill Publishing Company, New York, 1978 (Handouts prepared by Trainer from this book)

१३. सर्वज्ञ भक्त मल्ल, सरल शिक्षण नमूना, पाठ्यक्रम विकास केन्द्र, त्रि. वि. वि., कीर्तिपुर, काठमाण्डौ, २०३७

१४. Kevin Barry and Len King, Beginning Teaching, Social Science Press, Australia, 1990. (Handouts prepared by Trainer from Chapter II- Planning for Teaching Practice, of this book).

१५ प्राथमिक शिक्षा परियोजना, शिक्षण परिचय : शिक्षण विधि तालिम पुरितका, प्राथमिक सुपरिवेक्षण तथा तालिम एकाइ, सानोठिमी, २०४६

१६. प्राथमिक शिक्षा परियोजना, शैक्षिक सामग्री तालिम पुस्तिका, प्राथमिक सुपरिवेक्षण तथा तालिम एकाइ, सानोठिमी

१७. सेरिड, सामान्य बस्तुका शैक्षिक सामग्री : सहायक पुस्तक त्रिपुरेश्वर, काठमाण्डौ, २०३९

१८. प्रशिक्षकले Kevin Barry and Len King द्वारा लिखित Beginning Teaching नामक पुस्तकको निम्नलिखित अध्यायबाट तयार पारेका पाठपत्रहरु (Handouts) Chapter, II-Planning for Teaching Practice
Chapter V-Developing Teaching Strategies
Chapter VI-Basic Class Management and Control.

१९ यज्ञराज पन्त र चन्द्ररमण पराजुली, शिक्षणका तत्वहरु, दुरशिक्षण कार्यक्रम, शिक्षाशास्त्र अध्ययन संस्थान, सानोठिमी २०३५ (मिमियोग्राफमा उपलव्ध)

२०. राष्ट्रिय शिक्षा आयोग, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, काठमाण्डौ, २०४९

२१. शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय, नेपालको शैक्षिक तथ्यांक, तथ्यांक शाखा, केशर महल, काठमाण्डौ, २०४९

२२. सेरिड, नेपालमा प्राथमिक शिक्षाको प्रभावकारिता, त्रिपुरश्वर काठमाण्डौ, २०४२

२३. चुडानाथ अर्याल, यज्ञराज पन्त र वासुदेव काफ्ले, Promotion of Primary Education for Girls and Disadvantaged Groups, NDG-MOEC/CERID, काठमाण्डौ, १९९०

२४. सेरिड (CERID), Physical Facilities and Their Management in Public Primary Schools of Kathmandu Valley, Kathmandu, 1993

(Brief Notes Prepared by trainer)

## ८. प्रशिक्षकको लागी थप सामग्री
## (Trainers' Supplements)

प्रस्तुत थप सामग्रीले शिक्षा-आधार विषयक पाठ्यांशलाई व्यवहारिकताको पुट दिने विश्वास लिइएको छ । शिक्षा–आधार विषयलाई बढी सैद्धान्तिक विषयको रुपमा हेरिनेपरम्पराले गर्दा यसलाई जटिल विषयको रुपमा लिइदै आइएको छ । यस प्रशिक्षण कार्यक्रम अन्तर्गत प्रस्तुत पाठ्यांशलाई सकभर रोचक बनाई प्रशिक्षार्थी–सहभागीको शिक्षणलाई यसमा दिइएका जानकारीको आधारमा बढी प्रभावकारी बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको छ । प्रत्येक एकाइको लागी सामाग्री तथा उपयुक्त कार्यकलापहरु निर्दिष्ट रुपमा तोकिएको भए तापनि प्रशिक्षकले आफ्नो ज्ञान, अनुभव र सिर्जनशीलतालाई प्रयोगमा ल्याई यी एकाइहरुको शिक्षण गर्न सक्तछ :

### एकाइ १ : प्राथमिक विद्यालय पाठ्यक्रम तथा शिक्षाको परिचय

**१.१ शिक्षाको अर्थ र धारणा :** समय : ३० मिनेट

- शिक्षाको अर्थ बारे कक्षामा सामान्य छलफल गराउने
- प्रशिक्षकले कार्डबोर्डमा लेखिएको **शिक्षाको परिभाषा** सहभागीलाई देखाउने
- समूहमा बाँडी **शिक्षाको परिभाषा** बारे छलफल गराइसमूहबाट निकालिएको र प्रस्तुत परिभाषालाई एकिकृत गरी **शिक्षाको धारणा** के रहेछ सो बताउने ।

- यस उप एकाइको लागी प्रदीप चन्द्र गौतमको परिचयात्मक शिक्षा (पेज १ देखि ११ सम्म) प्रयोग गर्ने
- शिक्षाको परिभाषा लेखिएको कार्डबोर्ड तयार पार्ने

**१.२ शिक्षाका कार्यहरु :** समय : ३० मिनेट

- शिक्षाले के गर्न सक्छ भन्ने बारे सहभागी बीच छलफल गराउने र उनीहरुले प्रस्तुत गरेका बुँदालाई कार्डबोर्डमा लेख्ने

- शिक्षाका ४ कार्यहरु –साँस्कृतिक, आर्थिक, नागरिक र विश्वजनीन – लेखिएको चार्ट सहभागीलाई देखाउने

- सहभागीद्वारा प्रस्तुत बुँदा र चार्टमा देखाइएका कार्यहरु बीच समानता कति छ छुट्याउन लगाउने

- यस उप एकाइको लागि प्राथमिक शिक्षा विकास परियोजनाद्वारा तयार पारिएको **शिक्षण निर्देशिका** प्रयोग गर्ने ।

**१.३ शिक्षाका रुपहरु :** **समय : ४० मिनेट**

- शिक्षाका कार्यको पुनरावलोकन गरी यसलाई जीवनपर्यन्तको शिक्षासँग सम्बध्द गराउने ।

- शिक्षाका बिभिन्न रुप को उदाहरण दिने, जस्तै :

  विद्यालय प्रणाली, प्रौढ, शिक्षा, रेडियो शिक्षण

- उपरोक्त रुप बारे छलफल गरी शिक्षाको खास रुप बारेको धारणा बनाउने, जस्तै :

  औपचारिक, अनौपचारिक र अनियमित शिक्षा ।

- सहभागीलाई शिक्षाका ३ रुप अनुसार ३ समूहमा बाँड्ने र प्रत्येक समूहलाई शिक्षाको १–१ रुपको उदाहरण प्रस्तुत गर्न लगाउने ।

  शिक्षाका ३ वटै रुपको राष्ट्रिय सन्दर्भमा उदाहरणहरु दिने, जस्तै :

  - विद्यालय–कलेज, विश्वविद्यालय = औपचारिक
  - शिक्षा सदन कार्यक्रम, चेलीबेटी कार्यक्रम, प्रौढ शिक्षा कार्यक्रम आदि = अनौपचारिक
  - टि. भि. रेडियो कार्यक्रम, अनौपचारिक वार्ता, पारिवारिक अर्न्तक्रिया आदि = अनियमित

- यस उप एकाइको लागि मन प्रसाद वाग्लेद्वारा लिखित शिक्षा–आधार किताबको तेस्रो अध्याय (पेज १३४–१३८) प्रयोग गर्ने ।
- शिक्षाका रुपको बिभिन्न उदाहरणहरु देखाउने चार्ट प्रयोग गर्ने ।

१.४ पाठ्यक्रमको अर्थ र धारणा : समय : ३० मिनेट

- सहभागीलाई, शिक्षकले कक्षामा के पढाउँछ ? कुन स्रोतबाट उसले धारणा र सीपहरु सिकाउँछ, पाठ्यपुस्तकहरु निर्माण गर्ने आधार के हुन ? आदि प्रश्न गर्ने र शिक्षा र पाठ्यक्रम बीचको सम्बन्ध देखाउने,

- सहभागीलाई समूहमा बाँडी कार्डबोर्डमा पाठ्यक्रमको अर्थ लेख्न लगाउने अनि आफ्नो तर्फबाट पाठ्यक्रमको अर्थ बताउने ।

  - पाठ्यक्रम भनेको सिकाइ उपलब्धिका संरचित क्रमहरु हुन् (Johnson)

- पाठ्यक्रमको पुरनो अर्थ कोर्स अफ स्टडि वा विषयहरुको सूची भन्ने धारणा बदलिएर हाल यसलाई विद्यालयको निर्देशनमा सिको व्यक्तिलाई प्रदान गरिने सम्पूर्ण वा सबै अनुभवहरु को रुपमा हेरिन्छ भन्नेकुरा स्पष्ट गर्ने (Doll, Ronald).

पाठ्यक्रमले उत्तर दिनुपर्ने मूल प्रश्नहरु, जस्तै :

- हाम्रो गन्तव्य स्थल कता हो ?
- कस्ता प्रकारका सिकाइ अनुभवहरुको छनौट हुनुपर्दछ ?
- छानिएका अनुभवहरुलाई कसरी संगठित गर्ने ?
- कस्तो प्रकारले मूल्यांकन पद्दति प्रयोग गर्नु पर्दछ ?

सहभागी समक्ष राख्ने ।

- यस उपएकाइको लागी प्राथमिक विद्यालय पाठ्यक्रम, २०४९ को प्रयोग गर्ने।
- पाठ्यक्रमको परिभाषा भएका कार्डबोर्ड प्रयोग गर्ने ।
- सहभागीको कार्यको लागी कालोपाटी वा कार्डबोर्ड प्रयोग गर्ने ।

१.४.१ नेपालको प्राथमिक विद्यालय पाठ्यक्रमको पुनरावलोकन समय : ३० मिनेट

- नयाँ पाठयक्रम २०४९ निर्माण गर्न गरिएका प्रयास र पूरानो पाठ्यक्रम संशोधन तथा परिमार्जन गर्नुपर्ने कारणहरुको व्याख्या गर्ने ।

  - परिवर्तित राजनैतिक स्थिति, बढ्दो जनआकांक्षा र प्राथमिक शिक्षाको गुणस्तर बारे बढ्दो चासो ।

  - विद्यालय तथा शिक्षकले प्राप्त गर्नुपर्ने न्यूनतम गुणस्तर जुन देशको सगुच्च प्राथमिक शिक्षाको दिशामा निर्देशित हुनुपर्दछ भन्ने सवाल र प्राथमिक पाठ्यक्रमले यस तर्फ आफूलाई मोड्नु पर्दछ भन्ने बढ्दो जन चासो ।

  - विकाससम्बन्धी जन धारणार देशका प्राथमिकतालाई प्राथमिक पाठ्यक्रममा समावेश गर्नुपर्दछ भन्ने आअवश्यकताको महशुस ।

  - विद्यार्थीको जीवनसँग बढी सम्बध्द गराइनु पर्ने प्राथमिक शिक्षा प्रतिको जन चेतना र विद्यार्थीलाई जनसंख्या स्थिति, वातावरण संरक्षण, उत्पादनशीलता, स्वास्थ्य, पोषण आदि जस्ता कार्यकालापमा सरीक गराई प्रजातान्त्रिक प्रक्रियामा सहभागी बनाउने खाँचोको अनुभव ।

१.४.२ प्राथमिक पाठ्यक्रममा समाविष्ट तत्वहरु समय : ४० मिनट

१.४.२.१ नयाँ प्राथमिक पाठ्यक्रम निर्माण गर्दा संलग्न गरिएका क्रियाकलापहरु :

- प्राथमिक तह तथा कक्षाको अन्त्यमा प्राप्त गरिने सिकाइ उपलब्धिहरुको विवरण
- विषयवस्तुको क्षेत्र तथा सिकाइ अनुभवको छनौट
- सिकाइ उपलब्धि तथा अनुभवको विस्तृतिकरण
- सिकाइ उपलब्धि हाँसिल गर्न आवश्यक उपयुक्त विधि, सामग्री तथा कार्यकलापको विवरण
- सिकाइ उपलब्धि हाँसिल गर्ने काम निश्चित गर्न मूल्यांकन कार्यकलापको विशिष्टिकरण ।

- सबै सहभागीलाई प्राथमिक पाठ्यक्रम, २०४९ उपलब्ध गराई यसको सिंहावलोकन गर्न भन्ने ।
- यस पाठ्यक्रमले राखेका मूल तत्वहरु के–के हुन तिनको सूची तयार पार्ने ।

- सहभागीबाट तयार पारिएका बुँदाहरु बोर्डमा वा कार्डबोर्डमा देखाउने ।
- प्राथमिक पाठ्यक्रम दिग्दर्शनको अध्याय ३ (पेज ३६–४१) प्रयोग गर्ने ।

१.४.२.२ प्राथमिक पाठ्यक्रममा निम्न मूल तत्वहरु छन् भनि कालो पाटी वा कार्डबोर्डमा लेखी स्पष्ट पार्ने :

- शिक्षाको राष्ट्रिय उद्देश्यहरु
- प्राथमिक शिक्षाका उद्देश्यहरु
- प्राथमिक शिक्षाको अन्त्यमा अपेक्षित सिकाइ उपलब्धिहरु
- पाठ्यक्रम संरचना–विषयहरु तथा तिनको पाठ्यभार
- विषयगत तथा कक्षागत सिकाइ उपलब्धिहरु

- सहभागीलाई नयाँ पाठ्यक्रममा संलग्न नयाँ स्वरुपहरु बारे छलफल गर्न लगाउने
- पाठ्यक्रमका तलका नयाँ स्वरुपबारे व्याख्या गर्ने ।

  - प्राथमिक तहको अन्त्यमा, कक्षागत तथा विषयगत रुपमा स्पष्ट्याइएका सिकाइ उपलब्धि बारे का कारणहरु
  - ऐच्छिक विषयको प्रावधान
  - विषयहरुको पाठ्यभारमा परिवर्तन
  - ***वातावरणीय शिक्षा*** विषय समावेश गरिएको ।

- सहभागीलाई समूहमा बाँडेर पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तुको सिकाइ उपलब्धी सँगको सान्दर्भिकता बारे विश्लेषण गर्न लगाउन समूह कार्य गर्ने ।

१.५ पहिलो कक्षाको पाठ्यपुस्तकमा केन्द्रित कार्यकलाप समय : २ घण्टा

- सहभागीलाई ३ समूहमा बाँडी निम्नलिखित ३ कार्यकलाप (समूहकार्य) गराउन लगाउने :

  - सिकाइ उपलब्धिको सान्दर्भिकता नेपाली पाठ्यपुस्तकसँग विश्लेषण गर्न लगाउने,
  - हिसाबको पाठ्यपुस्तकसँग सिकाइ उपलब्धिको सान्दर्भिकता विश्लेषण गर्न लगाउने,

- सामाजिक अध्ययन पाठ्यपुस्तकसँग सिकाइ उपलब्धिको सान्दर्भिकता विश्लेषण गर्न लगाउने ।

- समूह कार्यको लागि तलको फर्म्याट दिने :

विषय :

| सिकाइ उपलब्धि | विषयवस्तु | आफ्नाधारणाहरु |
|---|---|---|

- समूह कार्य सिद्धिएपछि सहभागीलाई आफ्ना बिचारहरु कक्षा समक्ष प्रस्तुत गर्न लगाउने ।

- सिकाइ उपलब्धि हाँसिल गर्न कस्तो किसिमको शैक्षिक क्रियाकलापहरुको आवश्यकता पर्दछ सो सम्बन्धमासहभागीलाई पुन : समूह कार्य गर्न लगाउने ।

- उनीहरुले गरेको समूह कार्यमा उचित सरसल्लाह दिने ।
- *विषय विस्तृतिकरण* पुस्तिकाबारे सहभागीलाई परिचय दिई उनीहरुलाई अध्ययन गर्ने समय दिएपछि (करिब १ घण्टा) यस पुस्तिकाले शिक्षकहरुलाई कुन–कुन पक्षमा मद्दत पुर्‍याउँछ भन्ने बारे छलफल / प्रश्नोत्तर गर्ने ।

- प्रस्तुत पुस्तिकाले शिक्षण विधि छान्न, समयको व्यवस्थापन गर्न, प्राथमिक विद्यालयका विषयका लागी उपयुक्त कार्यकलाप र मूल्यांकन तरिकाहरु विकसित गर्न कसरी मद्दत गर्छ भन्ने कुरामा व्यापक छलफल / व्याख्या गर्ने ।

- कक्षा १ का पाठ्यपुस्तकहरु, प्राथमिक पाठ्यक्रम, विषय विस्तृतिकरण पुस्तिका र फर्म्याट प्रिन्ट गरिएका कागजहरु सहभागीलाई उपलब्ध गराउनु पर्दछ ।

## एकाइ २ : प्राथमिक विद्यालयका बालबालिकाहरुको विकासात्मक विशेषताहरु :

२.१ मानव वृद्धि र विकासको धारणा :

- विकास र वृद्धि बीचको भिन्नता बारे प्रश्न गर्दै वृद्धिले परिमाणात्मक परिवर्तन भन्ने बुझाउँछ भने, विकासले परिमाणात्मक र गुणात्मक दुवै प्रकारका परिवर्तनलाई बुझाउँछ भनी स्पष्ट गर्ने ।

- मानव विकासका सिद्धान्तहरु (तल दिइए जस्तै) को व्याख्या गरिदिने :

  - विकास भनेको परिवर्तन पनि समावेश भएको अवस्था हो,
  - विकासका प्रारम्भिक आधारहरु महत्वपूर्ण हुन्छन्,
  - विकास परिपक्वता र सिकाइ दुवैको उपज हो,
  - विकासले निश्चित र अनुमान गर्न सकिने ढाँचा अनुसरण गर्दछ,
  - विकासको ढाँचामा अनुमान गर्न सकिने विशेषताहरु हुन्छन्,
  - विकासका ढाँचामा पनि वैयक्तिक भिन्नताहरु हुन्छन्,
  - विकासको बिभिन्न अवधिमा सुख फरक–फरक हुने गर्दछ ।

२.२ मूल विकासात्मक अवधिहरु / अवस्थाहरु समय : ४० मिनेट

- मूल विकासात्मक अवस्थाहरु उल्लेखित चार्ट प्रदर्शन गरी प्रत्येक अवस्थाको संक्षिप्त वर्णन गर्ने, जस्तै :

- विकासका अवस्थाहरु :

  - जन्म पूर्वको अवस्था (गर्भधारणा देखि जन्मसम्म)
  - जन्मेपछि दोस्रो हप्ताको अन्त्यसम्मको अवस्था
  - बाल्यावस्था (दोस्रो हप्ताको अन्त्यदेखि दुई वर्षको अन्त्यसम्म)
  - पूर्व बाल्यावस्था (२–६ वर्ष सम्म)
  - उत्तर बाल्यावस्था (६–१० / १२ वर्ष सम्म)
  - यौवनावस्था (१० / १२–१३ / १४)
  - किशोरावस्था (१३ / १४–१८ वर्ष सम्म)
  - पूर्व प्रौढावस्था (१८–४० वर्ष सम्म)
  - प्रौढावस्था (४०–६० वर्ष सम्म)
  - बृध्दावस्था (६०–मृत्यु पर्यन्त)

- यसको लागि E.B. Hurlock को Developmental Psychology को पेज १४ को चार्ट देखाउने जसमा मूल विकासात्मक अवस्थाहरु देखाइएको छ ।

- प्राथमिक विद्यालय उमेरका बालबालिकाको विकासात्मक विशेषताहरु बारे व्याख्या गर्ने खासगरी–पूर्व बाल्यावस्था र उत्तर बाल्यावस्था अवधिलाई समेट्ने ।

  - पूर्व बाल्यावस्थाका विशेषताहरु :

    - समस्यागूलक उमेर
    - पूर्व विद्यालय उमेर
    - पूर्व–समूह उमेर
    - खोजपूर्ण उमेर
    - अनुकरणात्मक उमेर

  - उत्तर बाल्यावस्थाका विशेषताहरु :

    - दु : खपूर्ण उमेर
    - सुस्तिपूर्ण उमेर
    - विद्यालयीय उमेर
    - संक्रमणकालको उमेर
    - समूह उमेर
    - खेल्ने उमेर
    - सिर्जनात्मकताको उमेर

- सहभागीसँग विकासात्मक विशेषताहरु बारे नेपालको सन्दर्भमा उनीहरुको अनुभव बाँडचूँड गर्ने ।

- E. B. Hurlock को Developmental Psychology को प्रयोग गर्ने,
- यज्ञराज पन्तको–शिक्षा मनोविज्ञानका तत्वहरु किताव प्रयोग गर्ने ।

२.३ बालविकासमा प्रभाव पार्ने तत्वहरु समय : ६० मिनेट

फल्यास कार्ड प्रयोग गरेर बालविकासमा प्रभाव पार्ने प्रत्येक तत्वको वर्णन र व्याख्या गरी प्रत्येक तत्वको लागी नेपाली समाजबाट उपयुक्त हुने खालका उदाहरणहरु दिने ।

- बालविकासमा प्रभाव पार्ने तत्वहरु, जस्तै :
  - परिवार–परिवारको संरचना, परिवारमा बालकको स्थिति, परिवारको सामाजिक–आर्थिक स्थिति
  - उपयुक्त अन्तरव्यक्ति सम्वन्धहरु
  - बाल तालिम विधि
  - खाना
  - प्रेम र ममता
  - वातावरणीय उत्प्रेरणा

- विकासका विभिन्न पक्षहरु जस्तै : शारीरिक, बौद्धिक, व्यक्तित्व, संवेगात्मक र सामाजिक, को परिभाषा दिने ।

- यसको लागि A.O. Vatne को *बालविकास* पुस्तक प्रयोग गर्ने ।

  - शारीरिक विकास भन्नाले बालकको शरीरको भित्री र बाहिरी अंगहरुको आकार, अनुपातमा आउने परिवर्तन, पुराना स्वरुपको लोप र नयाँ स्वरुपको प्राप्ति जस्ता परिवर्तनबाट प्राप्त महत्वपूर्ण परिवर्तनहरु भन्ने बुझाउँछ ।

  - व्यक्तित्व विकास भन्नाले त्यस्ता बिभिन्न गुण र विशेषताहरुको प्राप्ति हो जसले व्यक्तिलाई सन्तुलित सम्पूर्णतातर्फ विकसित गर्न महत्वपूर्ण देन दिन्छ ।

  - बौद्धिक विकास भन्नाले वातावरण र परीस्थिति अनुकूल आफूलाई छिटो र प्रभावकारी ढंगबाट ढाल्न सक्ने व्यक्तिको क्षमता भन्ने बुझाउँछ ।

  - संवेगात्मक विकास भन्नाले सामाजिक रुपमा ग्राह्य तरिकाबाट संवेगहरुलाई नियन्त्रण गर्ने क्षमताको विकास भन्ने बुझाउँछ ।

- सारमा, सिकाइ भनेको अनुभव वा तालिमद्वारा व्यवहारमा आउने परिवर्तन हो भनेर बुझाउने
- तर सिकाइका पनि अपवादहरु हुन्छन् भनेर उदाहरण दिने, जस्तै : परावर्तन, जन्मजात प्रवृत्तिहरु, परिपक्वता आदि ।

- भरतविलास पन्तद्वारा लिखित सिकाइका सिद्धान्तहरु नामक कितावको पहिलो अध्याय प्रयोग गर्ने ।

२.५.२ परिपक्वता र सिकाइबीच अन्तर्सम्बन्ध :

- परिपक्वताको परिभाषा दिने :
  ***व्यक्तिमा अन्तर्निहित गुणहरुको प्रस्फूटन वा विकास नै परिपक्वता हो***
- परिपक्वता र सिकाइबाट आउने व्यवहारको उदाहरण दिने ।
- परिपक्वता र सिकाइ बीच हुने अर्न्तसम्बन्ध बारे खुला छलफल गराउने ।

- यसको लागि भ. वि. पन्तको सिकाइका सिद्धान्तहरु भन्ने कितावबाट पहिलो अध्यायको पेज ५ र ६ का कुराहरु कितावहरु प्रयोग गर्ने ।

२.५.३ प्रत्यावर्तन तथा अन्तर्दृष्टिद्वारा सिकाइ :

- निम्नलिखित बुँदालाई जोड दिएर यो विषय प्रस्तुत गर्ने :

  - क्लासिकल कण्डिसनिंगका विशेषताहरु,
    I.P. Pavlov का भनाइ र तिनको शैक्षिक उपादेयता
  - स्किनरको प्रयोग–अपरेण्ट कन्डिसनिंग र यसका शैक्षिक –उपादेयताहरु
  - कोहलरको प्रयोग
  - शैक्षिक उपादेयता र
  - अन्तर्दृष्टिबाट सिकाइमा प्रभाव पार्ने तत्वहरु

- यस उपएकाइको लागी भ. वि. पन्तको *सिकाइका सिद्धान्तहरुको* तेस्रो अध्याय प्रयोग गर्ने :

- कण्डिसनिंग अर्थात् प्रत्यावर्तनद्वारा सिकाइ र अन्तर्दृष्टिबाट सिकाइकोलागी यिनका मूल स्वरुपहरु र शैक्षिक उपदेयताहरु देखाउने चार्टको प्रयोग गर्ने ।

२.५.४ सर्भेक्षण फाराम र सोसियोग्राम :

- सहभागीलाई सर्भेक्षण फाराम तथा सोसियोग्राम तयार पार्ने काममा लगाउने ।
- सहभागीलाई २ समूहमा बाँडेर एक समूहलाई पूर्व तथा उत्तर वाल्यावस्थाको संवेगात्मक तथा सामाजिक व्यवहारहरु अध्ययन गर्न सर्भेक्षण फाराम तयार पार्न लगाउने र अर्को समूहलाई सोसीयोग्रांम तयार पार्न लगाउने ।

- दुवै समूहलाई यस कामको लागि नमूना फर्म्याट उपलव्ध गराउने ।
- उत्तर वाल्यावस्थाका शारीरिक विकास तथा सीपहरु अध्ययन गर्नका लागि सर्भेक्षण फारामको नमूनासँगै दिइएको छ ।

- प्रस्तुत नमूनाको आधारमा प्राथमिक विद्यालयका बालबालिकाका विकासात्मक विशेषताहरु सर्भेक्षण गर्न लगाउने ।

- सर्भेक्षण फाराम (A) मा ६ वर्ष उमेर समूहका तथा सर्भेक्षण फाराम (B) मा ६ देखि १२ वर्ष उमेर समूहका बालबालिकाको शारीरिक विकासका विशेषताहरुको सूची दिइनुको साथै सर्भेक्षण फाराम (C) मा सीपहरुको अध्ययनको लागि तिनको सूची दिइएको छ ।

## Survey Form 'A'

Studying Physical Development Characteristics

Age: 6

Aspects of Study: Height, Weight and No. of Teeth

| S. No. | Name of the Students | Height | Weight | No. of Teeth |
|---|---|---|---|---|
| | | | | |

Note: This kind of form could also be used for other age groups eg. 7,8,9,10,11..yrs

## Survey Form 'B'

**Studying Physical Development Characteristics**

**Age: 6 to 10 or 12 yrs. (Later childhood)**

**Aspect of study: Body Proportions**

Age

| Characteristics | 6 | | 7 | | 8 | | 9 | | 10 | | 11 | | 12 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No | Yes | No | Yes | No | Yes | No | Yes | No |
| Head is proportionally too large for the rest of the body | | | | | | | | | | | | | | |
| Mouth and jaws are larger | | | | | | | | | | | | | | |
| Forehead is broader | | | | | | | | | | | | | | |
| Nose is larger and has acquired the shape | | | | | | | | | | | | | | |
| The trunk elongates and has become slimmer | | | | | | | | | | | | | | |
| The neck looks longer | | | | | | | | | | | | | | |
| The chest is broader | | | | | | | | | | | | | | |
| The abdomen is flattened | | | | | | | | | | | | | | |
| The arums and legs are lengthened | | | | | | | | | | | | | | |
| The hands and feet are growing larger | | | | | | | | | | | | | | |

## Survey Form 'C'

### Studying Skills of Later Childhood Students

Age

| Skills | 6 | | 7 | | 8 | | 9 | | 10 | | 11 | | 12 | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Yes | No | Yes | No | Yes | No | Yes | No | Yes | No | Yes | No | Yes | No |
| Self-help skills (eat, dress, bathe and groom) | | | | | | | | | | | | | | |
| Social help skills<br>i. making beds<br>ii. dusting<br>iii. sweeping<br>iv. emptying waste baskets<br>v. washing chalk board | | | | | | | | | | | | | | |
| School skills<br>i. writing<br>ii. drawing<br>iii. painting<br>iv. clay modelling<br>v. dancing<br>vi. craning<br>vii. sewing<br>viii. cooking<br>ix. wood working | | | | | | | | | | | | | | |
| Play skills<br>i. Throwing and catching balls<br>ii. riding a bicycle<br>iii. swimming<br>iv. skating | | | | | | | | | | | | | | |

## एकाइ ३ : शिक्षणको लागि योजना तर्जुमा

समय : ३० मिनट

३.१ योजनाको महत्व :

- सहभागीलाई शिक्षणमा योजनाको महत्व बारे छलफल गर्न लगाई मूल बुँदाहरुलाई कालोपाटीमा लेख्ने ।
- शिक्षणको लागी योजना गर्नु आवश्यक छ भन्ने तलका बुँदाहरु प्रस्तुत गरी सारांश निकाल्ने :
    - विद्यार्थीहरु के, कहिले र किन सिक्न गइरहेका छन्, भन्ने बारे शिक्षकमा स्पष्ट धारणा सुनिश्चित गर्न,
    - सिकाइ अनुभवहरुलाई सोद्देश्यपूर्ण र प्रभावकारी बनाउन,
    - शिक्षकमा आत्म–विश्वासको भावना जगाउन
    - खास् शिक्षण गर्नुभन्दा अगावै संभाव्य समस्याहरुको बारेमा बिचार गर्न ।

३.२ योजना तर्जुमा प्रक्रिया

समय : ६० मिनट

- सहभागीलाई शिक्षणको लागी योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरुको बारेमा छलफल गर्न लगाई निम्न बुँदातर्फ उनीहरुको ध्यान आकर्षित गर्ने :
    - शिक्षणको लागि योजना तर्जुमा गर्दा के–के पृष्ठभूमिका कुराहरुको बिचार गर्नु पर्दछ ?
    - शिक्षणको परिणाम स्वरुप सिकाइ उपलब्धि के हुनु पर्दछ ?
    - ज्ञान, शीप र धारणाको क्षेत्रमा के–के कुरा समावेश गरिनु पर्दछ ?
    - कस्तो अनुभवले विद्यार्थीलाई विषयवस्तु सिक्न मद्दत गर्दछ ?
    - विद्यार्थीले सिके भन्ने कुरा शिक्षकले कसरी निश्चित गर्न सक्दछ ?

- सहभागीलाई स–साना समूहमा बाँडी उपरोक्त प्रश्नहरु उपर छलफल गर्न लगाई तिनको उत्तर पत्ता लगाउन अ–हाउने ।
- प्रत्येक समूहबाट प्राप्त प्रत्येक प्रश्नको उत्तरलाई पूर्व स्थापित आधारहरुको सन्दर्भमा जाँच्ने र तत्कालै पृष्ठपोषण दिने । पूर्व स्थापित आधारहरु **(Criteria)** भित्र निम्नलिखित बुँदाहरु पर्नु पर्दछ :

- पृष्ठभूमिका तत्वहरु

| विषय | विद्यार्थीहरु |
| --- | --- |
| पाठ्यभार, समय पाठ्यक्रमले निर्धारण गरेका शर्तहरु, स्रोतहरु आदि । | उमेर, क्षमता, आवश्यकता अभिरुचि आदि |

सिकाइ उपलब्धि वा उद्देश्यहरु मूलत : ३ प्रकारका हुन्छन् :

- संज्ञानात्मक
- मनोक्रियात्मक र
- प्रभावी

- विषयवस्तु भन्ने बित्तिकै त्यसभित्र तथ्यहरु, धारणाहरु, सीपहरु तथा सामान्यिकरणहरु समाविष्ट हुन्छन् भन्ने कुरा, बुझ्नु पर्दछ ।
- विषयवस्तुको छनौट पछि विषयवस्तुलाई क्रमबद्ध बनाउनु आवश्यक हुन्छ भन्ने कुरा बुझाउनु पर्दछ ।
- विषयवस्तुलाई क्रमबद्ध गर्दा, विषयवस्तुलाई स–साना अंगहरुमा बाँड्नु पर्ने, विषयवस्तुलाई मूर्तरुपबाट अमूर्त रुपमा पेश गर्नु पर्ने र विद्यार्थीको पूर्व सिकाइबाट शुरु गर्नु पर्ने हुन्छ भन्ने कुरा बुझ्नु आवश्यक छ ।
- त्यसैगरी सिकाइ अनुभव सम्बन्धमा, बोलाइ, पढाई, लेखाई, अभिनय, दृश्यात्मक सञ्चार, दिमाग खियाउने, नक्साकन, समूह कार्य रिपोर्ट गर्ने, अवलोकन गर्ने, प्रदर्शन गर्ने, अध्ययन गर्ने, अनुसन्धान गर्ने यी सबै सिकाइ अनुभवका विविध रुपहुन भनी व्याख्या गर्ने ।
- मूल्यांकन सम्बन्धमा मूल्यांकन गर्ने तरिकाहरु, जस्तै : कार्य सम्पादन अवलोकन गर्ने, प्रश्न गर्ने, विद्यार्थीबाट प्रस्तुति तथा प्रदर्शन, कामका नमुनाहरु संकलन गर्ने र मूल्यांकन गर्ने, हाजिरी जवाफ, शिक्षक–निर्मित परीक्षा, अन्तवर्ता आदि हुन सक्ने कुरा स्पष्ट गर्ने ।

३.३ सिकाइका उद्देश्यहरु लेख्ने : समय : ४० मिनेट

- सहभागीलाई परिचयात्मक शिक्षा नामक कितावबाट छैठौं अध्याय (पेज ५०–५४) र *सरल शिक्षण नमूना* नामक कितावबाट तेस्रो अध्याय (पेज २१–२६) पढ्न लगाउने ताकि तीनवटा क्षेत्रका सिकाइका उद्देश्यहरु बारे पृष्ठभूमि युक्त ज्ञान थाहा पाउँन सकियोस ।
- सिकाइ उद्देश्यको धारणा कसरी विकास गर्न सकिन्छ सो सम्बन्धमा सहभागीलाई श्याम पाटीमा बुँदाहरु लेखी बुझ्न सहयोग गर्ने ।
- सिकाइ उद्देश्य भनेको विद्यार्थीले सिकाइ अनुभवको परिणाम पछि के सिक्दछ भन्ने कुराको विवरण हो भनी स्पष्ट गर्ने ।
- सहभागीलाई स्पष्ट रुपमा लेखिएको सिकाइ उद्देश्यको धारणा स्पष्ट गर्न मद्दत गर्ने जस्तै : स्पष्ट रुपमा लेखिएको सिकाइ उद्देश्य क्रियापद बाट शुरु हुन्छ (सूची तयार पार्नु, छलफल गर्नु, भिन्नता देखाउनु जस्ता क्रियापदहरु) जसले अवलोकन योग्य र स्पष्ट व्यवहारलाई वर्णन गरेको हुन्छ ताकि त्यसको मूल्यांकन गर्न सजिलो होस् ।

- फ्लिप चार्ट वा ट्रान्सप्यारेन्सी सिट प्रयोग गरी व्यवहारिक रुपमा लेखिएका र अस्पष्ट रुपमा लेखिएका उद्देश्यहरु देखाउने उदाहरणहरु दिने र स्पष्टताको आधारमा यी दुई प्रकारका उद्देश्यबीचको भिन्नता छुट्याउन भन्ने :

उदाहरण :

- वस्तुगत प्रकारको परीक्षा बुझ्ने छ
- वस्तुगत प्रकारको परीक्षा के हो परिभाषित गर्नेछ
- वस्तुगत परीक्षा निर्माण गर्नेछ
- विषयगत परीक्षाका कमजोरीहरु बारे छलफल गर्नेछ
- विषयगत परीक्षाका कमजोरीहरु जान्नेछ
- विषयगत र वस्तुगत परीक्षाको ज्ञान हुनेछ
- विषयगत र वस्तुगत परीक्षा बीचको भिन्नता तिनीहरुको प्रकृति र प्रयोगको आधारमा छुट्याउन सक्नेछ ।

३.४ सिकाइ उद्देश्य बनाउन प्रयोगात्मक कक्षा : समय : २ घण्टा

- सबै सहभागीलाई सिकाइ उद्देश्य वनाउन (संज्ञानात्मक, प्रभावि र मनोक्रियात्मक क्षेत्रमा) अ–हाउने ताकि व्यक्तिगत रुपमा प्राथमिक पाठ्यक्रममा भएका कुनै विषयमा सो उद्देश्य वनाइयोस् ।
- प्रत्येक छुट्टाछुट्टै खालका उद्देश्यका लागि उपयुक्त हुने खालका क्रियात्मक क्रियापदको सूची उपलब्ध गराउने ।
- सहभागीबाट निर्मित उद्देश्यहरु कक्षामा प्रदर्शन गर्ने र एक अर्काको उद्देश्यमाथि चर्चा गर्ने र सुभाव दिने ।
- सहभागीको कार्य जाँची तत्कालै उनीहरुलाई पृष्ठ पोषण दिने ।

३.५ पाठयोजना निर्माण गर्न प्रयोगात्मक कक्षा : समय : २ घण्टा

- प्रायोगिक कार्य गर्न लगाउनु भन्दा अगावै विभिन्न प्रकारका शैक्षणिक योजना र तिनको महत्व बारे सहभागीलाई बताउने ।
- तल दिइएका बुँदाहरुलाई ख्याल गरी कसरी शिक्षकले पाठयोजना बनाउनु पर्छ भन्ने कुरा व्याख्या गर्ने ।

- मूल शीर्षक :
  - विषय, शीर्षक, मिति र समय

- सिकाइ उद्देश्य :
  - वाक्यको मूख्य भाग (यो पाठ पढेपछि विद्यार्थी सक्षम हुनेछन्)
  - प्रत्येक उद्देश्य आफैमा एक महत्वपूर्ण सिकाइ उपलब्धी हो
  - प्रत्येक उद्देश्य क्रियापदबाट शुरु हुन्छ

- पूर्व ज्ञान :
  - विद्यार्थीको पृष्ठभूमि ज्ञान, सीप तथा अभिवृत्ति जुन प्रस्तुत पाठको लागी सान्दर्भिक ठहर्दछन् ।
- शिक्षण तथा सिकाइका स्रोतहरु, ठाउँ, समूहको निर्माण ( आवश्यक भएको खण्डमा मात्र) ।
- विधि–तरिका :

- विषयवस्तु, शिक्षण विधि र सिकाइ अनुभवहरुलाई क्रमवद्ध रुपमा पेश गर्ने,
- मूल बुँदाहरु, स्रोतको उपयोग, विद्यार्थी क्रियाकलाप

- मूल्यांकन :
  - प्रस्तावित मूल्यांकनका तरिकाहरु

- आत्म–मूल्यांकन :
  - पाठ योजनालाई निर्दिष्ट उद्देश्य, समय, स्रोत, शिक्षण विधि आदि पक्षहरु हाँसिल गर्न सके / नसकेको आधारमा जाँच्ने ।
  - पाठका ति पक्षहरु बारे आफ्नो धारणा जसलाई भिन्न तरिकाले प्रस्तुत गर्न सकिन्थ्यो ।

- सबै सहभागीलाई निर्दिष्ट कक्षा र विषयको लागी पाठयोजना निर्माण गर्न लगाउने ।
- माथि उल्लेख गरिएका बुँदाको आधारमा सहभागीद्वारा निर्मित पाठंयोजनालाई जाँच्ने र पृष्ठपोषण दिने ।
- यसको लागी *परिचयात्मक शिक्षा* नामक कितावबाट अध्याय ६ (पेज ५५–६६) प्रयोग गर्ने ।

- संभव भए फि्लप चार्ट वा ट्रान्सप्यारेन्सी प्रयोग गर्ने
- बिभिन्न प्रकारका शैक्षिक योजनाका लागी सहभागीलाई ***प्राथमिक पाठ्यक्रम–दिग्दर्शनको*** अध्याय ८ (पेज १४८–१५२) पढ्न लगाउने

## एकाइ ४ : शिक्षण–सिकाइ सामग्रीको छनौट, निर्माण, प्रयोग तथा हेरबिचार

### ४.१ शिक्षण–सिकाइ सामग्रीहरु :

समय : ६० मिनट

- सहभागीलाई बिभिन्न प्रकारका शिक्षण–सिकाइ सामग्रीहरु देखाएर तलका जस्तै प्रश्नहरु सोध्ने :

- यी सामग्रीहरु के हुन् ?
- शिक्षण प्रकृयामा यिनीहरुको प्रयोग किन आवश्यक छ ?
- शिक्षकले यस्ता सामग्रीको छनौट र निर्माण कसरि गर्दछ ?
- शिक्षकले विद्यालयमा यी सामग्रीको प्रयोग कत्तिको गर्दछ ?

- सहभागीलाई तलको परिभाषामा केन्द्रित गर्दै शिक्षण–सिकाइ सामग्रीको अर्थ बताउने :

  - शिक्षण–सिकाइ सामग्री त्यस्ता सामग्री हुन् जसले पूर्व निर्धारित शैक्षिक उद्देश्यहरु प्राप्त गर्ने काममा शिक्षण तथा सिकाइ कार्यलाई सघाउँछन् ।

- सहभागीलाई निम्नलिखित भागमा शिक्षण–सिकाइ सामग्रीलाई बाँड्न मद्दत गर्ने :

  - आधारभूत सामग्रीहरु
  - कक्षाकोठा सामग्रीहरु
  - सहायक वा पूरक सामग्रीहरु
  - स्थानीय स्रोतहरु
  - निर्माण सामग्री तथा साधनहरु

- सहभागीलाई उपरोक्त प्रत्येक समूहका सामग्रीको उदाहरण दिने ।
- यसको लागी प्राथमिक विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तकहरु, शिक्षक–निर्देशन पुस्तिकाहरु, नक्सा, चार्ट, ग्राफ, कालोपाटी आदि सामग्रीको प्रयोग गर्ने ।

- आ. तथा प्रा. शि. परियोजनाबाट तयार पारिएका पूरक वा सहायक सामग्रीको उदाहरणहरु दिने ।

  - आधारभूत सामग्रीमा छापाका । मुद्रित सामग्रीहरु पर्दछन, जस्तै : पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, वृहत ज्ञानकोश, शब्दकोश (डिक्सनरी) विद्यार्थी कार्यपुस्तिका ।

  - कक्षाकोठा सामग्रीमा कालोपाटी, नक्सा, चार्ट, पोष्टर तस्वीर, ग्लोब तथा नमूना आदि पर्दछन् ।

- पूरक सामग्रीमा सहायक पाठ्य सामग्रीहरु, शिक्षक–निर्मित सामग्रीहरु पर्दछन् ।

- श्रव्य दृश्य सामग्रीमा फिल्म स्लाइड्सहरु, रेकर्डहरु, रेडियो कार्यक्रमहरु (घोषणाहरु) पर्दछन् ।

- स्थानीय स्रोत तथा वातावरणमा ऐतिहासिक दृश्य तथा स्थल, संग्रहालय, कलकारखाना, मन्दिर, सरकारी कार्यालय, स्मारक, दैनिक जीवनको प्राकृतिक तथा मानवीय घटना आदि पर्दछन् ।

- निर्माण सामग्री तथा साधनमा रंगहरु, कागज, बुरुश, कलाका सामानहरु, (तान, कपडा, छाला , काठ, कीला आदि) पर्दछन् ।

- सहभागीहरुसँग उनीहरुले शिक्षणमा प्रयोग गरेका सामग्रीहरु उपरोक्त समूहभित्र पर्छन् / पर्दैनन् भनी छलफल गर्ने ।

- कक्षा १ लाई केन्द्रित गरेर सहभागीलाई प्राथमिक पाठ्यक्रम पढ्न दिने र माथिका सामग्रीको समूह अनुसार खास विषयको सिकाइ उपलब्धि प्राप्त गर्न आवश्यक शिक्षण–सिकाइ सामग्रीको सूची बनाउन लगाउने।

४.२ शिक्षण–सिकाइ सामग्रीको छनौट तथा निर्माण : समय : ३० मिनट

- शिक्षण–सिकाइ सामग्रीको छनौट तथा निर्माण बारे छलफल गरी तलका बुँदाहरु निकाल्ने :

  - शिक्षण–सिकाइ सामग्रीहरुले सिक्ने व्यक्तिको आवश्यकता पूर्ति गर्नुपर्दछ ।
  - यी सामग्री सत्यखालका हुनु पर्दछ, अर्थात् विश्वसनीय खालका हुनुपर्दछ ।
  - सिक्ने व्यक्तिको परिपक्वताको तह अनुकूल यी सामग्रीलाई व्यबस्थित गर्नु पर्दछ ।
  - दक्षताको / प्रभावकारिताको आधारमा यी सामाग्रीको छनौट हुनुपर्दछ ।
  - यी सामग्री कम खर्चिलो हुनुपर्दछ
  - यी सामग्री सिक्ने कामसँग मिल्ने खालको हुनुपर्दछ
  - यस्ता सामग्रीले सिकाइलाई सघाउ पुर्‍याउनु पर्दछ ।

४.३ पकेट चार्ट : समय : १ घण्टा

- शिक्षकद्वारा निर्मित पकेट चार्ट सहभागीलाई देखाउने र यो चार्ट बनाउने विधि बारे छलफल गर्ने ।
- बिभिन्न विषयको लागी प्रयोगमा ल्याउन सकिने पकेट चार्टको खास– खास प्रयोग बारे व्याख्या गर्ने ।

- व्यक्तिगत रुपमा सहभागीलाई पकेट चार्ट बनाउन लगाउने र आवश्यकता अनुसार निर्देशन दिने ।

४.४ शिक्षण–सिकाइ सामग्रीको हेरबिचार : समय : ४० मिनट

- वर्तमान नेपालको प्राथमिक विद्यालयको स्थितिकोसन्दर्भमा उपरोक्त समूहका शिक्षण–सिकाइ सामग्रकिो संरक्षण वा हेरबिवार कसरी गर्नुपर्दछ भन्ने सम्बन्धमा सहभागीलाई व्यक्तिगत रुपमा छोटो प्रतिवेदन तयार गर्न लगाउने ।

## एकाइ ५ : शिक्षण–सिकाइ प्रक्रिया

५.१ शिक्षण–सिकाइ प्रक्रिया : समय : ३० मिनट

- सहभागीको अनुभवलाई आधार वनाएर शिक्षण–सिकाइ प्रक्रिया बारे सहभागी बीच छलफल गर्ने,

- शिक्षण–सिकाइ प्रक्रियाको परिभाषा दिने :

  परिभाषा : शैक्षिक सामग्री, शिक्षण विधि तथा विषयवस्तु बीचको अन्तर्क्रियामा आधारित सिकाइ अनुभवलाई शिक्षण–सिकाइ प्रक्रिया भनिन्छ ।

- शिक्षण–सिकाइ प्रक्रियाका तीनवटा पक्षहरु बारे व्याख्या गर्ने, जस्तै :

<u>योजना गर</u> – <u>शिक्षण गर</u> – <u>मुल्यांकन गर</u>

- त्यसपछि यी तीनवटै पक्ष तथा कदम बीच हुने अन्तर्सम्बन्ध स्पष्टसँग दर्शाउने
- अगाडीका दिनको सिकाइको मूल्यांकनको आधारमा योजना तर्जुमा गर्ने
- योजना तर्जुमा गर्दा कसरी पढाउनु पर्दछ, विद्यार्थीले कसरी सिक्छन् र मूल्यांकन कसरी गर्नु पर्दछ भन्ने बारेमा विचार गर्नुपर्दछ
- शिक्षण गर्दा योजना अनुसार गर्ने र मूल्यांकन गर्न नबिर्सने ।

- यसको लागी श्यामपाटी प्रयोग गर्ने र Kevin Barry and Len King द्वारा लिखित Beginning Teaching भन्ने किताबको Getting Started भन्ने पहिलो अध्याय प्रयोग गर्ने ।

५.२ शिक्षणका विधि / तरिका / उपायहरु : समय : ४० मिनट

- सहभागीलाई आफ्नो अनुभवको आधारमा शिक्षणका बिभिन्न विधिहरु बारे छलफल गर्न लगाई ति विधिको सूची तयार गर्न लगाउने,
- सहभागीले वताएको आधारमा श्यामपाटीमा बुँदाहरु लेख्ने । त्यसपछि, प्रशिक्षकले तल दिएका शिक्षण–विधिहरुको सूचि प्रस्तुत गर्ने :

  - व्याख्यान विधि, समूह छलफल विधि
  - प्रदर्शन विधि, भूमिका अभिनय विधि
  - समस्या–समाधान विधि, ड्रिल विधि
  - प्रश्नोत्तर विधि, कथा–कथन विधि
  - सूक्ष्म शिक्षण विधि, अध्ययन भ्रमण विधि
  - खेल विधि, सञ्चारको प्रयोग विधि

- यसको लागी सर्वज्ञभक्त मल्लद्वारा लिखित सरल शिक्षण नमूना किताबको शिक्षण विधिहरु भन्ने छैठौं अध्याय प्रयोग गर्ने ।

  - सहभागीलाई *शिक्षण विधि* छनौट गर्ने आधार के हो भन्ने प्रश्न गर्दै यसको उत्तर दिन छलफल गराउने । त्यसपछि शिक्षणको खास विधि छान्नु पर्दा, के त्यो विधि विद्यार्थीको पृष्ठभूमि, अपेक्षित सिकाइ उपलब्धि र विषयवस्तु अनुकूल छ भनी सोच्नु पर्ने कुरा उल्लेख गर्ने ।

  - माथी उल्लेखित शिक्षण विधिहरुको प्रयोग र बेफाइदाहरुलाई ध्यानमा राखी प्रत्येक विधिको छोटकरीमा व्याख्या गर्ने,

- सहभागीलाई स–साना समूहमा बाँडी कक्षा १ का विद्यार्थीको सिकाइ गति, अपेक्षित सिकाइ उपलब्धि , विषयवस्तु, पृष्ठभूमि, तथा उमेर समूहको आधारमा उपयुक्त शिक्षण विधि छनौट कसरी गर्ने भन्ने काममा लगाउने,
- समूहलाई काममा मद्दत गर्ने तथा तत्काल पृष्ठपोषण प्रदान गर्ने
- समस्या समाधान विधि, निर्देशित खोज विधि र सञ्चार विधिको प्रदर्शन गर्ने ।

- यसको लागी **Kevin Barry and Len King** को किताबको पाँच अध्यायको **Developing Teaching Strategies** प्रयोग गर्ने । साथै प्राथमिक् पाठ्यक्रम २०४९ र कागजहरु प्रदान गर्ने ।

५.३ प्रयोगात्मक कार्यकलाप : समय : २ घण्टा

- सहभागीलाई स–साना समूहमा बाँडेर शिक्षण विधि (कुनै एक) को तैयारी गरी प्रदर्शन गर्न लगाउने ।
- प्रत्येक शिक्षण विधिको प्रदर्शन ५ देखि १० मिनट समयको हुनुपर्दछ । प्रदर्शन पश्चात् प्रशिक्षक तथा सहभागीद्वारा प्रदर्शित विधि बारे टिप्पणी तथा सूझावको रुपमा पृष्ठपोषण दिने ।

- **Barry and King** को किताबबाट **Use Chalk Board** भन्ने अध्याय प्रयोग गर्ने
- संभव भए फिल्म, रेडियो तथा टेपहरुको प्रयोग गर्ने ।

५.४ कक्षाकोठा व्यवस्थापन र नियन्त्रण : समय : ६० मिनट

- सहभागीलाई कक्षाकोठा व्यवस्थापन तथा कक्षामा देखिने समस्या नियन्त्रण गर्ने उपायहरु बारे आ–आफ्नो अनुभव आदान–प्रदान गर्न लगाउने ।
- नियन्त्रणसँग सम्बन्धित समस्याहरु रोक्ने उपायहरुको व्याख्या गर्ने ।

- तलको भनाइलाई स्पष्ट पार्ने :

- अप्रभावकारी शिक्षकको तुलनामा प्रभावकारी शिक्षकले कक्षाकोठा नियन्त्रणको समस्या कम भोग्नु पर्दछ । यसको मूल कारण उनीहरुको शिक्षण सीप, तयारी तथा व्यवस्थापन व्यवहारको कार्यकुशलता नै हो ।
  त्यसैले आफ्नो पाठ योजना राम्रोसँग बनाउनु पर्दछ
- सामग्री र साधनको अवस्थाबारे बेलैमा जाँच गरिनु पर्दछ र
- कक्षामा विद्यार्थीको संगठन तथा व्यबस्थापन बारे विचार गरिनु पर्दछ ।
- सम्पूर्ण कक्षा वा काम नगरिरहेको विद्यार्थी उपर ध्यान राख्नु पर्दछ,
- पारितोषिक, पुरस्कार, संकेतहरु प्रयोग गर्नुपर्दछ
- सांकेतिक तरीकाहरु जस्तै समस्यामूलक विद्यार्थी तर्फ फर्केर एकछिन रोकिने वा हेर्ने गर्नु पर्दछ
- किन विद्यार्थी ध्यान दिइरहेका छैनन ? सिकाईको कठिनताको कारणले हो की ? समस्या पत्ता लगाउनु पर्दछ ।
- इमान्दार, सहयोगी र स्वाभाविक प्रकृतिको हुनुपर्दछ
- स्पष्टसँग सञ्चार गर्नु पर्दछ
- समस्यामूलक विद्यार्थीलाई आफ्नो नजीकको ठाउँमा राख्नु पर्दछ
- यस्ता विद्यार्थीलाई अरुलाई भन्दा केही बढी समय वा ध्यान दिनु पर्दछ ।

- यसको लागी ३०x५० मिनटको समय दिन सकिन्छ ताकि यी क्रियाकलाप गर्न सकियुन ।

  - कदापि पनि शारीरिक दण्ड / सजायँ दिनु हुदैन ।

५.५ कक्षाकोठामा विद्यार्थी–शिक्षक सम्बन्धः समय : ४० मिनट

  - सहभागीहरुलाई आफूलाई सबभन्दा मनपर्ने शिक्षक सम्झेर उनीहरुले मनपराएका सबभन्दा राम्रा गुणहरु लेख्न अ–हाउने ।
  - उपरोक्त क्रियाकलापलाई आधार मानी शिक्षकका असल गुणहरुको सूची बनाउने ।

- यसको लागी पन्त र पराजुलीको **शिक्षणका तत्वहरु** किताबको प्रयोग गर्ने

- विद्यार्थीले शिक्षकलाई आपसि सद्भाव र सत्कारका साथ तव हेर्दछन् जव शिक्षकले :

  - सामान्य स्वरमा सामान्य व्यक्तिको भावना व्यक्त गर्ने, वोल्ने र विद्यार्थीसँगै हाँसो वाड्ने (खुशी, आनन्द, दिक्कता बाँड्ने)
  - विद्यार्थीसँग भएकोमा आनन्द मान्ने र उनीहरुलाई पनि आफूले साथी–व्यक्तिको रुपमा महत्व तथा मान्यता दिइन्छ भन्ने कुरा महशुस गर्ने मौका दिने ।
  - विद्यार्थीसँग साथीको रुपमा व्यवहार गर्छ र निश्चिन्त भएको देखाउँछ ।
  - सहृदयी, ग्राही, सहिष्णु र सजिलै उपलब्ध हुने खालको व्यवहार गर्दछ ।

- सहभागीलाई आफ्नो अनुभवको आधारमा विद्यार्थीसँग व्यक्तिगत सम्बन्ध राख्ने उपाय बारेमा छलफल गर्न लगाई त्यसबाट निस्केको बुँदामा थपथाप गर्ने र खासगरी तलका बुँदालाई जोडदिने :

  - विद्यार्थीको नाम थाहा पाई उनीहरुलाई नामद्वारा बोलाउने
  - सबै विद्यार्थीसँग समान रुपले सम्पर्क गर्ने
  - कक्षाकोठा भित्र वा वाहिर विद्यार्थीसँग एक–एक गरेर कुरा गर्ने
  - विद्यार्थीलाई बिभिन्न परिस्थितिमा अवलोकन गर्ने, जस्तो : (खेलमा फूर्सदको समयमा, अतिरिक्त क्रियाकलापमा) र उनीहरुको बारेमा बढी भन्दा बढी जानकारी राख्ने
  - विद्यार्थीसँग बिभिन्न परिस्थितिमा हेलमेल गर्ने जस्तो, खेलकूदमा, गायन, नृत्य तथा अन्य विद्यालयीय क्रियाकलापमा ।

- यसको लागी पन्त र पराजुलीको कितावको छैठौ अध्याय प्रयोग गर्ने र फि्लप चार्ट तथा कालोपाटीको प्रयोग पनि गर्ने ।

## एकाइ ६ : प्राथमिक शिक्षा तथा विद्यालयको स्थिति र समस्या

### ६.१ प्राथमिक शिक्षाका समस्याहरु :

समय : १ घण्टा

- सहभागीलाई आफ्नो अनुभवको आधारमा निम्नलिखित प्रश्नहरुको उत्तर दिन लगाउने :

  - तपाईको वडा / गाउँमा कति प्राथमिक विद्यालयहरु छन् ?
  - के यी विद्यालयहरु प्राथमिक विद्यालय उमेरका बालबालिकाको लागि पहुँचयोग्य छन् ?
  - तपाईको क्षेत्रका के सबै विद्यालय जाने उमेरका केटाहरु विद्यालयमा भर्ना भएका छन् ?
  - छैनन् भने, किन ?
  - तपाईको क्षेत्रका के सवै विद्यालय जाने उमेरका केटीहरु विद्यालयमा भर्ना भएका छन् ?
  - छैनन भने, किन ?
  - तपाईको कक्षा वा विद्यालयमा केटा र केटीको भर्ना प्रतिशत कति छ ?
  - के बिभिन्न जनजातिका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भएका छन् ?
  - छैनन् भने, कुन जन जातिका बालबालिका भर्ना भएका छैनन ?
  - भर्ना नहुनाका कारणहरु के–के हुन् ?

- सहभागीको छलफलबाट निक्लेका मूल बुँदाहरुलाई श्याम पाटी वा ठूलो कागजमा लेख्ने ।

- सहभागीलाई राष्ट्रिय रुपमा देखिएका प्राथमिक शिक्षाका समस्याहरु भन्न लगाई तिनको टिपोट ट्रान्सप्यारेन्सी वा चार्टमा लेखी देखाउने ।

- ततपश्चात् तल दिइएका तथ्य र तथ्यांकहरुलाई महिलाको न्यून सहभागीताको सन्दर्भमा प्रस्तुत गर्ने :

#### ६.१.१ शिक्षाको उपलव्धता :

- कूल भर्ना ७० प्रतिशत

- केटाको कूल भर्ना ८३ प्रतिशत
- केटीको कूल भर्ना ४८ प्रशित

६.१.२ गुण / प्रभावकारिता :

- ३० प्रतिशत विद्यार्थीले प्राथमिक तह पूरा गर्ने
- विद्यालय छाड्ने उच्च दर
- सफलताको तह निम्न (६० प्रतिशत)
- तालिम प्राप्त शिक्षकको प्रतिशत न्यून (४३ प्रतिशत)
- शिक्षण सामग्रीको रुपमा पाठ्यपुस्तक मात्र
- स्थानीय सहभागीता–कृत्रिम प्रकारको
- अप्रभावकारी सुपरीवेक्षण व्यवस्था

- सहभागीलाई दुई समूहमा बाँडी एक समूहलाई प्राथमिक विद्यालयका भौतिक सुविधा सम्बन्धी समस्याहरुको सूची तयार पनि अ–हाउने र अर्को समूहलाई शैक्षणिक सुविधा सम्बन्धी समस्याहरुको सूची तयार पार्न लगाउने ।

- दुवै समूहलाई आफ्नो प्रतिवेदन कक्षामा प्रस्तुत गर्न लगाउने ।
- भौतिक तथा शैक्षणिक सुविधा सम्बन्धी विद्यालयका समस्याहरुलाई समूहको प्रस्तुतिकरणको आधारमा निम्न बुँदाहरुमा आधारित गरी व्याख्या गर्ने ।
    - भौतिक सुविधाहरु
    - शिक्षण–सिकाइ सामग्रीहरु
    - शिक्षकको पृष्ठभूमि र तालिम
    - शिक्षक अनुपस्थिति
    - विद्यार्थीको पृष्ठभूमि, अनुपस्थिति, बढी तथा घटी उमेरको समस्या,
    - सामुदायिक सहयोग
    - सुविधाविहिन समूहको सन्दर्भमा महिलाको कम सहभागीता
    - व्यवस्थापन

माथिका कुराहरुको लागी सहायक सामग्रीको रुपमा प्राथमिक *पाठ्यक्रम दिग्दर्शन* को अध्याय १ (पेज १५–१९) र अध्याय ४ (पेज ५२–५७) तथा CERID को (१९९१)

**b) Status of Primary Education** — 1 hr.

* Describe the expansion of primary education in Nepal, present the following figures.

*use transparency or sheet of paper

Primary Education in Nepal*

| Year | 2007 | 2027 | 2032 | 2037 | 2042 | 2047 |
|---|---|---|---|---|---|---|
| Schools | 321 | 7256 | 8314 | 10138 | 11873 | 17842 |
| Students | 8505 | 449141 | 458516 | 1067913 | 1812098 | 278644 |
| Teachers | No Data | No Data | 18874 | 27805 | 51266 | 71213 |
| Girls % | No Data | No Data | 18.3% | 28% | 29.4% | 36% |

* Chapter I (page 8) Pathyakram Digdarshan

* Let the class discuss the present status of primary education focusing on the age, grades, and legal aspects prescribed by MOEC

* Display the facts and figures on status of primary education as shown below:

**Status of Primary Education***

- No. of Schools – 18694
- Enrolments – 2884275
  - Girls – 1073319
  - Girls % – 37%
  - Teachers – 74495
  - Female Teachers – 10206

* Use Chapter I (pages 9-11) from Pathyakram Digdarshan

*** data based on 1991 Year**

Physical Facilities and Their Management in Public Primary Schools of Kathmandu Valley नामक प्रतिवेदन प्रयोग गर्ने ।

- तथ्यांक प्रयोग गर्दा हालसालैको तथ्यांक प्रयोग गर्ने

६.२ प्राथमिक शिक्षाको स्थिति : समय : १ घण्टा

- संलग्न पत्रमा दिइएको तथ्यांक प्रस्तुत गरी नेपालमा प्राथमिक शिक्षाको विस्तारमा भएको प्रगतिको वर्णन गर्ने ।

- विद्यालयलाई सामुदायिक सेवा प्रदर्शन केन्द्रको रुपमा प्रयोग गर्ने बारे समुदाय र विद्यालय बीचको सम्बन्धलाई तलका बुँदामा केन्द्रित गरी व्याख्या गर्ने :

    - विद्यालयमा विद्यार्थीहरु समुदायबाट नै आउने हुनाले समुदाय संगको अन्तर्क्रिया तथा सहयोग बिना विद्यालयले काम गर्न नसक्ने हुन्छ ।
    - विद्यालयले विश्वलाई समुदाय छेउ पुर्‍याउन मद्दत गर्दछ ।

- सहभागीलाई *सामुदायिक सेवा वा प्रदर्शन केन्द्रको रुपमा विद्यालय* बारे एउटा प्रतिबेदन तयार पार्न लगाउने ।

६.३ प्राथमिक शिक्षालाई सर्वसुलभ गराउन चालिएका कदम, योजना तथा कार्यक्रमहरु :

- सहभागीलाई दुई समूहमा बाँडी एक समूहलाई प्राथमिक पाठ्यक्रम दिग्दर्शन बाट प्राथमिक शिक्षाको व्यबस्था नामक अध्याय १ (पेज १–७) को कपि उपलब्ध गराउने र अर्को समूहलाई सोही किताबको सोही अध्यायको पेज ९ देखि १५ सम्मको कपि उपलब्ध गराउने ।

- सहभागीलाई समूहमा उक्त कपि अध्ययन गरी बुँदा बनाई, छलफल गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र तलका बुँदाको आधारमा सार निकाल्ने :

    - नेपालले ब्यांककमा सन् १९९० मा सम्पन्न विश्व शिक्षा सम्मेलनद्वारा प्रतिपादित नीतिलाई अनुमोदन गरेको र साथै बाल विकासको महा–सन्धीमा हस्ताक्षर गरी बालकलाई बचाऊ, संरक्षण गर र विकास गर भन्ने नीतिसँग सहमति जनाएको छ । यसको आधारमा निम्न कार्यक्रम नेपालले अगाडी सारेको छ ।

- सन् २००० सम्म प्राथमिक शिक्षामा शतप्रतिशत भर्ना
- सन् २००० सम्म पूर्ण साक्षर प्रौढ जनसंख्या
- वर्तमान २७–३० प्रतिशतको प्राथमिक शिक्षा पूरा गर्ने दरलाई ७० प्रतिशतमा पुर्‍याउने ।

- अन्त्यमा सहभागीलाई निम्नलिखित तथ्यहरु महशुस गर्न मद्दत गर्ने :

  - सन् २००० सम्ममा सबैलाई प्राथमिक शिक्षा उपलब्ध गराउने र पूर्ण रुपेण साक्षर प्रौढ जनसंख्या तयार पार्ने उद्देश्यमा नेपाल समर्पित भएतापनि वर्तमान ४० प्रतिशत साक्षरता दर र विद्यालय जान नपाएका बालबालिकाको ठूलो संख्या, खासगरी केटीको, एउटा हाँकको रुपमा रहेकोले प्राथमिक शिक्षक, अभिभावक, समुदायका व्यक्तिहरु र अन्य शिक्षाप्रेमी सबैबाट वृहत् प्रयासको खाँचो महशुस गरिएको छ ।

- यसको लागि हालसालैको तथ्यांक र राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (१९९२) को पहिलो अध्याय (पेज ७ देखि ९ सम्म) प्रयोग गर्ने ।

© शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्रालय
**शैक्षिक जनशक्ति विकास केन्द्र**
लाजिम्पाट, काठमाडौं
टेलिफोनः ४१६०३५

मुद्रकः साझा प्रेस, सहकारी संस्था लिमिटेड, सुविधानगर, काठमाडौं, फोन नं.: ४७४६९०